
# स्थानीय तहमा आवधिक विकास योजना तर्जुमा
# प्रदेश समन्वय परिषदको दोस्रो बैठक
# ११ मार्ग २०७५





**डा. गिरिधारी शर्मा पौडेल**
**उपाध्यक्ष**
**प्रदेश नीति तथा योजना आयोग**
**गण्डकी प्रदेश पोखरा, नेपाल**

## १. स्थानीय तहमा आबधिक विकास योजनाको आवश्यकता

बि.सं. २०७२ (सन २०१५) को सेक्टेम्बर महिनामा संयुक्त राष्ट्रसंघको साधारण सभाले बि.सं २०७२ देखि २०८७ (सन २०१६ देखि २०३०) सम्ममा विश्व रूपान्तरणको लागि महत्वकांक्षी १७ वटा दिगो विकास लक्ष्य, १६९ वटा परिमाणत्मक लक्ष्य र २३२ वटा सूचकहरुको (Goals, Targets and Indicators) घोषणा गऱ्यो । नेपाल यस दिगो विकास लक्ष्य घोषण गर्ने र कार्यान्वयन गर्न हस्ताक्षर गर्ने अग्रणी राष्ट्र हो । नेपालले बि.सं. २०७२ (सन २०१५) मा दिगो विकास लक्ष्यको प्रारम्भिक प्रतिवेदन तयार गरी संघीय तहमा दिगो विकास लक्ष्य कार्यान्वयन प्रक्रिया सुरु गऱ्यो र त्यसपछिका आबधिक एबं वार्षिक योजनामा दिगो विकास लक्ष्यलाई आन्तरिकरण गर्दै लगेको छ । राज्यको पुनरसंरचना पश्चात वि.सं. २०७३/०७४ मा (सन २०१७ मा) स्थानीयतह र प्रदेशतहका निर्बाचन सम्पन्न पश्चात स्थानीय र प्रदेश सरकारहरु गठन भई स्थानीय तहमा विकास निर्माणले गति लिन थालेको सन्दर्भमा राज्यका सबै तहमा योजना तर्जूमा र कार्यान्वयनमा प्रक्रिया दिगो विकास लक्ष्यलाई आन्तरिकिकरण र स्थानीयकरण गर्दै लानुपर्ने आवश्यकता भएकोले स्थानीय तहमा दिगो विकास लक्ष्यमैत्री आबधिक योजना तर्जुमा आवश्यक भएको हो ।

स्थानीयतहहरु बीच प्रसस्त भौगोलिक विविधता छ । साथै प्राकृतिक स्रोत सम्भाव्यता, आर्थिक, सामाजिक विकास र पूर्वाधारको उपस्थितिको अवस्थामा पनि प्रशस्त भिन्नता रहेको छ । यी विविधता र भिन्नताबीच स्थानीयतहले आआंफ्ना क्षेत्रको समष्टिगत विकासका लागि दिगो विकास लक्ष्य कार्यान्वयनको संघीय प्रायसलाई आत्मसाथ गर्दै आवश्यक आवधिक, वार्षिक र रणनीतिगत विषय क्षेत्रका अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालिन विकास योजना बनाउनुपर्ने कानूनी प्रावधान रहेको छ ।

स्थानीय तहलाई विकास योजना तर्जुमा सम्बन्धमा आवश्यक ज्ञान, सूचना, प्रविधि र प्राविधिक सहयोग पुऱ्याउन र योजना तर्जुमामा बिहङ्गम राष्ट्रिय दृष्टिकोण प्रतिबिम्बित गर्ने, गराउने काममा सहयोग पुऱ्याउने उद्देश्यले यो लेख तयार गरिएको हो । स्थानीयतहले आफ्नो भूस्वरुप, आकार, स्रोत सम्भाव्यता, मौजुदा संस्थात्मक क्षमता र आवश्यकता अनुकुल आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ ।

यस लेखको उद्देश्य राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना र स्थानीयतहका आवधिक विकास योजना बीचको अन्तरसम्बन्ध स्पष्ट गर्न मद्दत पुऱ्याउने । स्थानीयतहले आवधिक विकास योजनामा आंफ्ना क्षेत्रको समष्टिगत विकासका लागि लिने लक्ष्य, उद्देश्य र रणनीतिहरु र योजना तर्जुमाका लागि समावेश हुनुपर्ने आवश्यक प्राविधिक विषयवस्तु स्पष्ट गर्ने र आवधिक विकास योजना तर्जुमा प्रक्रियामा एकरूपताल्याई सहभागिता मूलक योजना पद्धतिलाई स्थानीय तहमा संस्थागत गर्दै आवधिक विकास योजना तर्जुमामा सहयोग गर्नु हो ।

## २.स्थानीय तहले योजना तर्जुमा गर्ने आधार

स्थानीयतहले आंफना योजना तर्जुमा गर्ने निम्न आधारहरु छनः

- नेपालको संविधान २०७२ को अनुसूची ८ मा ब्याबस्था भएका एकल अधिकारका क्षेत्र ।
- नेपालको संविधानमा रहेका मौलिकहक, राज्यका निर्देशक सिद्धान्त र स्थानीयतहको अधिकार ।
- राष्ट्रिय प्राकृतिकस्रोत तथा वित्त आयोगको कार्यक्षेत्रले निर्धारण गरेका क्षेत्र ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा रहेको आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा समेटिनु पर्ने अन्तरसम्बन्धित विषय र प्राथमिकता दिनुपर्ने विषयहरु ।
- अन्तर सरकारी बित व्यवस्थापन ऐन, २०७४ मा रहेको राजस्व बाँडफाँट, सघीय विभाज्य कोष, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, वैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु ।
- संघीय तथा प्रादेशीक योजनाहरुः संघीय तथा प्रदेश सरकारवाट जारी योजनाको प्रदेश तथा स्थानीय तहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य हांसिल गर्ने बिषयहरु ।
- दिगो बिकास लक्ष्य सम्बन्धमा स्थानीय तहले तय गर्नुपर्ने समपुरक तथा परिपुरकको भूमिका निर्बाह गर्न ।
- प्रदेश सरकारले तय गरेका विकास लक्ष्य हांसिल गर्न समपुरक र परिपुरकको भुमिका निर्बाह गर्न ।
- राष्ट्रिय भूउपयोग नीति २०६९
- दिगो विकासका लक्ष्य वि.स. २०७२–२०८७
- संघीय सरकारले जारी गरेका विकास सहायता नीति
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा ब्याक्त भएका प्रतिबद्धताहरु
- संघीय तथा प्रदेश सरकारले निर्माण गरेका अन्य मानकहरु

## ३. राष्ट्रिय, प्रदेश र स्थानीय तहका योजनाबीच अन्तर सम्बन्ध

नेपालको योजना प्रणाली संघीय संरचना अनुरुप संघीय, प्रदेशस्तर र स्थानीयतह गरी तीन तहका हुन्छन । **३.१ संघीय योजना**

संघीय तहमा योजनाले मूलत राष्ट्रीय स्रोतसाधन, क्षेत्रगत विकास सन्तुलन, अन्तर प्रदेस स्तरका विकास, आधारभूत सेवाहरुको राष्ट्रिय व्यवस्थापन, अन्वेषण अनुसन्धान, राष्ट्रियस्तरका योजना र अनुगमनलाई समेट्छ । सघीय वार्षिक योजनामा राष्ट्रिय विकास निर्देशित हुने नीतिका अतिरिक्त प्रदेश र स्थानीयतहको लागि स्रोत हस्तान्तरण, प्रदेश तथा स्थानीयतहका सरकारका लागि सघीय मार्गदर्शनहरु रहेको हुन्छ । सघीय योजनाहरुमा सबैतहको सरकारको लगानी स्रोत र राजस्व परिचालन सम्बन्धी नीति र कार्यान्वयन व्यवस्था राखिएको हुन्छ । सघीय योजनामा राष्ट्रीय सरोकारका विषय, दिगो विकास लक्ष्य (Sustainable Development Goals) र मानव विकास सूचकाङ्क निर्दिष्ट लक्ष्य पूरा गर्न प्रदेश र स्थानीयतहबाट गर्नुपर्ने नीतिगत तथा कार्यक्रमगत सघाउ पुग्ने विषयबस्तु समेत राखिएको हुन्छ ।

## ३.२ समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय दुरदृष्ट्रि बि.सं २१०० (Vision 2100)

नेपाल सरकारले बिक्रम सम्बत २१०० अर्थात २१औ शताब्दिको अन्तमा समृद्ध नेपाल र सुखी नेपालीको दुरदृष्ट्रि तय गरेको छ । उक्त दुरदृष्ट्रि अन्तरगत समृद्धिको लागि उच्च र समतामुलक राष्ट्रिय आय, मानव पूँजी निर्माण तथा सम्भाबनाको पूर्ण उपयोग, सर्बसुलभ तथा आधुनिक पूर्बाधार एबम आबद्धता र उत्पादन तथा उत्पादकत्व जस्ता लक्ष्यहरु तय भएका छन । यी लक्ष्यहरु प्राप्त गर्न उच्च आय वा औद्योगिक राष्ट्र स्तरको प्रतिब्याक्ति आय, शून्य निरपेक्ष गरिबी, राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको उच्च अनुपात, गुणस्तरीय, रोजगारमुलक तथा जीवनपयोगी शिक्षा प्राप्त नागरिक, स्वास्थ्य र लामो आयु भएका नेपाली । त्यस्तैगरी उत्पादनसिल र मर्यादित रोजगारीमा संलग्न जनसंख्या, सर्बसुलभ, सुरक्षित र आधुनिक यातायात सेवा, सहरी पूर्वाधारमा आबद्ध जनसंख्या, स्वच्छ उर्जाको उत्पादन तथा उपभोगमा यसको अनुपात, सूचना प्रबिधिमा आबद्ध जनसंख्या, कृषि वनजन्य तथा औद्योगिक उत्पादन र अर्थतन्त्रमा सोको हिस्सा, सन्तुलित आयात निर्यात अनुपात, रीष्ट्रिय, क्षेत्रगत तथा उत्पादनका साधनको उच्च उत्पादकत्व, उर्जा उपभोगमा स्बच्छ उर्जाको उच्च अनुपात जस्ता सूचकहरु तय भएका छन ।

सुखको निम्ती परिस्कृत एबम मर्यादित जीवन सभ्य र न्यायपूर्ण समाज, स्वाथ्य र सन्तुलित पर्यावरण, सुशासन, सबल लोकतन्त्र, राष्ट्रिय एकता र सम्मान जस्ता लक्ष्यहरु तय भएका छन । यी लक्ष्यहरु प्राप्त गर्न स्वस्थ्य नागरिक, सुबिधा सम्पन्न तथा सुरक्षित आबास, गतिशिल सामाजिक समाज, सामाजिक सुरक्षा तथा संरक्षण, आधुनिक भौतिक सम्पत्तिमाथिको समतामुलक पंहुँच र उच्च नागरिक सन्तुष्टि । त्यस्तैगरी विभेद र हिंसामुक्त समाज, सामाजिक सांस्कृतिक बिबिधता प्रबर्द्धन तथा संरक्षण, कानुनी शासन, उच्च सदाचार, विद्युतिय प्राणीलमा आधारित सबल, सक्षम र जवाफदेही सार्बजानीक

सेवा, सुदृढ संघीय शासन प्रणाली, शान्ति र स्थिरता, स्वच्छ, स्वतन्त्र, र कम खर्चिलो निर्वाचन, मौलिक हकको प्रत्याभूति, नागरिक सहभागिता, नेपालीत्वको उच्च भावना, उच्च सामाजिक सदभाव, उच्च मानव तथा अन्य सुरक्षा र अत्यावश्यक बस्तु र सेवामा आत्मनिर्भरता जस्ता सूचकहरु तय भएका छन । माथि उल्लेखित समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य हांसिल गर्न स्थानीय तहले आबधिक एबमं बार्षिक योजना बनाई कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हांसिल गर्न समपुरकको भूमिका निर्बाह गनुपर्दछ ।

## ३.३ प्रदेश स्तरको योजना

प्रदेश तहका योजनाहरु भूउपयोग नीति, कृषि व्यवसायिकीकरण, प्रादेशिक यातायात व्यवस्थापन, औद्यौगिकरण, प्रदेश भित्रको तथा अन्तरप्रदेश ब्यापार, लोकमार्ग, कृषि, आवास तथा वस्ती विकास, खानेपानी, खनिज अन्वेषण, दिगो विकास लक्ष्य जस्ता विषयगत क्षेत्रमा केन्द्रित रहन्छन । अन्तरप्रदेश र अन्तर स्थानीयतहका विषयगत योजनाबीच कार्यगत समन्वय र परिपूरकताका लागि प्रदेशले सघीय योजनाको दीर्घकालीन र मध्यमकालीन लक्ष्य एवम् उद्देश्यहरू, नीति, राष्ट्रिय महत्वका कार्यक्रमहरुलाई समेत आफ्नो आवधिक विकास योजनामा समाहित गर्नुपर्ने हुन्छ ।

## ३.४ स्थानीय तहको आवधिक विकास योजना

स्थानीयतहले संविधानको अनुसूची (८) का स्थानीयतहका एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक एवंम बार्षिक विकास योजना बनाउँछन । स्थानीयतहले आफ्ना योजना र कार्यक्रमहरुको कार्यान्वयन आवश्यकता अनुसार स्रोत साधन परिचालन गरी गर्नुपर्ने हुन्छ । स्थानीयतहका योजनामा संघ तथा प्रदेशले निक्षेपण गर्ने विषयसम्बन्धी नीति, मापदण्ड, दिगो बिकास लक्ष्य हांसिल गर्ने कार्यक्रम तथा आयोजनाहरु पनि समाहित हुनुपर्दछ । स्थानीयतहलाई संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने स्रोतहरु शर्तहरु सहित आउने हुनाले ती शर्त एवम् वित्तीय सीमाहरु बारे पनि स्थानीयतहको आवधिक योजनामा उल्लेख हुनु उपयुक्त हुन्छ ।

## ३.५ तीन तहका आवधिक विकास योजनाहरु बीचको अन्तरसम्बन्ध

तीनतहका सरकारले तयार गरेका आवधिक विकास योजनाहरुबीच निम्न साझा उद्देश्यहरु हासिल गर्न अन्तरसम्बन्ध रहेको हुन्छ ।

- दिगो विकासका लक्ष्यहरू हासिल गर्दै बिक्रम सम्बत २०८७ सम्म नेपाललाई मध्यम आम्दानी भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने ।
- बिक्रम सम्बत २१०० सम्म नेपाललाइ उच्च आय भएको मुलुकका रुपान्तरण गर्ने समृद्ध नेपाल सुखी नेपालीको दूरदृष्टी (Vision 2100) कार्यान्वयन गर्ने ।
- पन्ध्रौ योजनामा राज्यका नीतिका रुपमा अंगिकार गरिएका राष्ट्रिय सुरक्षा, सामाजिक र सांस्कृतिक रूपान्तरण, कृषि, भूमिसुधार, उद्योग र वाणिज्य, प्राकृतिक साधन स्रोतको संरक्षण,

सम्बर्द्धन र उपयोग, श्रम र रोजगार, सामाजिक न्याय र समावेशीकरण तथा न्याय र दण्ड व्यवस्था सम्बन्धी विषयहरु ।

- पन्ध्रौ योजनालाई परिपूरकको रुपमा सघाउन स्थानीतहले साझा अधिकारक्षेत्रको रुपमा राष्ट्रिय योजना कार्यान्वयन गर्न सघाउने बिषयहरु ।
- प्रदेशको प्रथम आबधिक योजना कायान्वयन गर्न स्थानीयतहले प्रदेशलाइ सघाउन पर्ने बिषयहरु ।
- तीनै तहको साझा अधिकारक्षेत्रमा प्रदेश र स्थानीयतहले राष्ट्रिय दायित्व लाई सघाउनु पर्ने ।
- आ आंफ्ना एकल अधिकारक्षेत्रको समग्र विषयलाई निर्देशित गर्न ।

### ३.६ स्थानीयतहको आबधिक योजना सबै पक्षको साझा दस्ताबेज हुने

दिगो विकास लक्ष्य हांसिल गर्न स्थानीयतहमा विकाससँग सम्बन्धित सरकारी, गैरसरकारी र निजी क्षेत्र समेतको आवधिक विकास योजना तर्जुमा, स्रोत साझेदारी र कार्यान्वयनमा उत्तिकै भूमिका र योगदान रहने भएकोले आवधिक विकास योजना विकाससँग सम्बन्धित सबैको साझा दस्तावेज हो । त्यसैले यसको तर्जुमा प्रक्रिया सहभागितामूलक एवम् पारदर्शी हुनुपर्ने र सबै साझेदारहरूको सक्रिय संलग्नतामा यसको तर्जुमा भयमा साझा दृष्टिकोण र समझदारी विकास हुन्छ । यो योजना साझा दस्तावेजका रुपमा बन्ने भएकाले यस्को प्रयोग र कार्यान्वयनमा स्थानीयतह, दातृपक्ष, विकास साझेदार, गैसस र स्थानीय सरोकारका अरुपक्षबीचसाझा धारणा बनाउन उपयुक्त हुन्छ ।

स्थानीयतहको आवधिक विकास योजना तर्जुमा गर्दा स्थानीयस्तरको भू विशेषता, दोहन र परिचालन योग्य अन्य स्रोत, नागरिकको चासो आदिको स्थानगत र तुलनात्मक लाभको उच्चतम उपयोग गरिन्छ । स्थानीयतहको स्थलगत विशेषता, गाउँ र नगरबीचको सबै प्रकारको भिन्नता र समानता,फरक फरक आर्थिकस्तर र स्थान विशेषका भौतिक संरचना हरू यसमा स्पष्ट खुलाइन्छ । जस्तै कुनै स्थानीयतहको भौगोलिक क्षेत्र हिमपातक्षेत्र र रमणीय महाभारत दुबै शृंखलामा पर्ने र छोटो समयमै समथर तराई मधेशक्षेत्र प्रवेश गर्न सक्ने विशिष्टता भएको हुनसक्छ । यसैगरी कृषि बहुवाली एवम् प्रजातिगत भिन्नता, समशितोष्ण र पतझर मौसमी फलफूल उत्पादनहुने विशेषतायुक्त हुनसक्छ ।

स्थानीयतहको आबधिक योजना उपलब्ध साधन स्रोतबाट उच्चतम प्रतिफल र विकास नतिजाको लागि अपनाउने व्यवस्थापनको सिद्धान्त र औजारहरूको प्रयोग गरी तयार गरिने व्यावसायिक योजना पनि हो । आवधिक विकास योजनामा सोच तथा लक्ष्य र प्रतिफल प्राप्ति सम्बन्धी नतिजाहरु निकाल्ने उपक्रमहरु राखिएको हुन्छ । तिन्को कार्यान्वयनका लागि तयार गरिएका आयोजना तथा कृयाकलाप वा गतिविधिहरु लगानी आकर्षित गर्ने औजारको रुपमा प्रयोग हुन्छन । आवधिक विकास योजना एक व्यवसायिक रणनीतिक योजना समेत हो । लगानी इच्छुक राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास संस्थाहरुले प्रस्ताव गरिएका योजना र अनुमानित प्रतिफल बीचको सम्बन्ध, स्थानीयतहको कार्यान्वयन क्षमता, नीति प्रतिबद्धता, आर्थिक विश्लेषण र आर्थिक नियन्त्रण तथा अनुगमन सम्बन्धी व्यवस्थाको लेखाजोखा

गरेर नै लगानी प्रत्याभूत गर्नेहुनाले आवधिक विकास योजना एक लगानी आकर्षक व्यवसायिक दस्तावेजको रुपमा समेत बनाउन उपयुक्त हुन्छ ।

### ३.७ स्थानीय तहले बनाउनुपर्ने योजनाहरु

स्थानीयतहले निम्नअनुसारका योजनाहरु र प्रतिबेदनहरु बनाउनु पर्दछ ।

- स्थानीयतहको स्थितिपत्र
- आबधिक विकास योजना
- त्रिबर्षिय मध्याबधि खर्च संरचना
- बार्षिक योजना
- बार्षिक प्रगति प्रतिबेदन
- योजनाको मध्याबधि मूल्यांङ्कन प्रतिबेदन
- योजनाको अन्तिम मूल्यांङ्कन प्रतिबेदन
- योजनाको दिगोपनको मूल्यांङ्कन प्रतिबेदन

## ४. स्थानीयतहको स्थितिपत्र तयार गर्ने

स्थानीयतहले आबधिक योजना तर्जुमा पुर्ब सबै बस्तुस्थितिको बिबरण आउनेगरी स्थिति पत्र तयार गर्नुपर्दछ । स्थितिपत्रमा स्थानीयतहका सबै आधार बर्ष सूचनाहरु विश्लेषण गरिएका हुन्छन र यी सूचनाले आबधिक योजना तर्जुमा गर्न सघाउंछन । संघीय तथा प्रदेश सरकारका नीति, रणनीति तथा कार्यक्रम र योजना तर्जुमा प्रक्रियासम्बन्धी निर्देशन तथा मार्गदर्शनहरूको समीक्षा गरेर स्थानीयतहको आबधिक योजना तर्जुमा प्रयोजनका लागि निम्न विषय वस्तुको विवरण सहितको स्थिति पत्र तयार गर्नु पर्दछ ।

- संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरूका प्राथमिकता क्षेत्रहरू ।
- संघीय तथा प्रदेश सरकारका कार्यक्रमहरूका लक्ष्य, उद्देश्य, रणनीति, परिमाणत्मक लक्ष्य तथा सूचकहरू ।
- दिगो विकास लक्ष्य वि.सं. २०७२-२०८७ का सूचकहरु ।
- स्थानीय तहको योजना तयार गर्ने मापदण्ड र मानदण्ड ।
- समृद्ध नेपाल र सुखी नेपालीका सूचकहरु ।

स्थानीय तहका स्थितिपत्रमा तलका अनुच्छेदमा उल्लेख गरिएका बिबरणहरु समाबेस गर्न उपयुक्त हुन्छ ।

**४.१ भूमिकाः** भूमिका, उद्देश्य, स्थानीय तहमा संञ्चालित योजना तथा कार्यक्रमहरूको मूल्याङ्कन, अध्ययन विधि, वस्तुस्थितिको विवरण, तथ्यांङ्क र सूचना संकलन, आधाररेखा सूचना, तथ्यांङ्कको खण्डिकरण, तथ्यांङ्कको विश्लेषण र अध्ययन सीमा ।

**४.२ स्थानीयतहको भौगोलिक चरित्रः** भौगोलिक अवस्थिति , सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन, भुधरातल, भू-क्षेत्र (टोपोग्राफी), भिरालोपना, माटोको बनावट र उर्बराशक्ति, भू-क्षय संभावित क्षेत्र, जलवायू, जलश्रोत, समस्या तथा चुनौती, सारांश र सिफरिसहरु ।

**४.३ जनसंख्याको चरित्रः** जनसंख्याको आकार (वडा र बस्तीस्तरको छुट्याउने), जनसंख्याको वृद्धिदर ( ग्रामीण र शहरी क्षेत्र छुट्टिने गरी) र जनसंख्या प्रक्षेपण, जनसंख्याको विश्लेषण, प्रजननदर,जन्म, मृत्य, बसाईसराई, जनसंख्याको बनावट, उमेर समूह, लिङ्ग, एकल महिला, जनसंख्याको वितरण, शहरी तथा ग्रामीण, भौगोलिक वितरण (जनघनत्व/घनावस्ती/शहरीकरण), धर्म, जातजाति तथा भाषागत एवम् अपाङ्गता अनुसार जनसंख्या विवरण, जनसंख्यीक समस्या तथा चुनौती, सारांश र सिफरिसहरु ।

**४.४ भू-उपयोगको स्थितिः** वर्तमान भू-उपयोग, शहरीकरण, भू-उपयोग सम्वन्धी नक्साहरु ( उपलब्ध भएसम्म), भिरालोपनका नक्सा, कृषि भू-उपयोग सम्बन्धी नक्साहरु, वातावरण संवेदनशिल क्षेत्र नक्शा, शहरी भू-उपयोग सम्बन्धी नक्सा, भुउपयोग सम्बन्धी समस्या तथा चुनौती, सारांश र सिफारिसहरु ।

**४.५ शहरीकरण तथा वस्ती विकासको स्वरुप र चरित्रः** शहरीकरण, वस्ती विकासको स्वरुप र वस्ती श्रृंखला, शहरी तथा ग्रामीण क्षेत्रमा आवास स्थिति , शहरीकरण सम्बन्धी समस्या तथा चुनौती, सारांश र सिफरिसहरु ।

**४.६ स्थानीयतहको आर्थिक स्थितिः** स्थानीयतहको अर्थतन्त्रको संरचनात्मक स्वरुप, कृषि प्रणाली, सिंचाई, कृषि उत्पादन तथा खाद्यान्नमा आत्मनिर्भरता, पशुपंक्षीजन्य तथा माछा उत्पादन तथा आत्मनिर्भरता, फलफूल तथा तरकारीको उत्पादन स्थिति, कृषि भूमिको आकार तथा स्वामित्वको स्थिति, मलखाद, उन्नत बीज, कृषि औजार, कृषि ऋण उपयोग, पहुँच तथा आपूर्ति स्थिति, कृषि उपजको भण्डारको सुविधाको स्थिति, सिंचित क्षेत्र तथा सिंचाई प्रणाली, स्थानीय स्तरमा खाद्य सुरक्षाको अवस्था, स्थानीयतहको अर्थतन्त्रको विशिष्टिकरण, आर्थिक अन्तरसम्बन्ध, अन्तर क्षेत्र जस्तै कृषि, वन आदि, अन्तर स्थानीयतह, स्थानीयतहमा वैदेशिक लगानीको स्थिति, घरपरिवारको आयस्तर तथा गरिवीको स्थिति, स्थानीय अर्थतन्त्र सम्बन्धी समस्या तथा चुनौती, सारांस र सिफरिसहरु ।

**४.७ श्रमशक्ति तथा रोजगारीको स्थितिः** उमेर समुह १६ देखि २४ सम्मको अवस्था (युवा रोजगारीको अवस्था), उमेर समुह २४ देखि ५९ बर्षसम्मको अवस्था, स्वेदेशी तथा विदेशी रोजगारीको अवस्था ( लिंग तथा सामाजिक समुह अनुसार), बेरोजगार दर, अर्धबेरोजगार दर, निकट भबिष्यमा सृजना हुन सक्ने रोजगारी, रोजगार सम्बन्धी समस्या, तथा चुनौती, सारांश र सिफरिसहरु ।

**४.८ उद्योग तथा खानी क्षेत्रको स्थितिः**औद्योगिक विकासको स्थिति तथा औद्योगिक उत्पादन -लघु, घरेलु तथा साना समेत), प्रमुख स्थानीय उत्पादनको वजारीकरणको स्थिति, स्थानीय उत्पादनको बाह्य

उत्पादनसंग गर्नुपर्ने प्रतिष्प्रर्धाको स्थिति, उद्यमशिलता, सिप विकास, बजारीकरण सेवा, कर्जा, बजार सूचनामा उद्यमीको पहुंचको स्थिति, स्थानीय कच्चा पदार्थको उपलब्धता तथा उपयोगको स्थिति, खानी स्रोत तथा उपयोग, अन्य उद्योग तथा खानीजन्य विवरणहरु, उद्योग सम्बन्धी समस्या, तथा चुनौती, सारांश र सिफरिसहरु ।

**४.९ व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थितिः** थोक तथा खुद्रा व्यापार, निकासी, पैठारी स्थिति, ढुवानी तथा भण्डार, बित्तिय तथा व्यवसाय सेवा, पर्यटन विकास, अन्य आर्थिक विकासका सम्भावनाहरु, स्थानीयतहमा बित्तिय ब्याबस्थापन सम्बन्धी समस्या तथा चुनौती, सारांश र सिफरिसहरु ।

**४.१० भौतिक पूर्वाधार, सञ्चार र प्रबिधीको स्थितिः** सडक यातायात, सडक यातायातको स्थिति, ग्रामीण यातायातको आवश्यकता, सडक वर्गिकरण तथा सडक घनत्व, द्वन्द तथा भुकम्पमा ध्वस्त भएका पूर्वाधारको अवस्था, अन्य यातायातका माध्यमहरु, सञ्चार सुविधा, हुलाक, टेलिफोन, इमेल इन्टरनेट, टेलिभिजन, पत्रपत्रिका, रेडियो , वडा तथा बस्तीअनुसार विद्युत तथा नवीकरणीय ऊर्जा विकास स्थिति विद्युतीकरणको अवस्था, नविकरणीय/बैकल्पिक ऊर्जा विकासको अवस्था र वितरण स्थिति, लघु तथा साना जलविद्युत, वायोग्यास, सौर्य ऊर्जा, सुधारिएको घट्ट, उन्नत चुल्हो/वायो ब्रिकेट/जैविक इन्धन, लघु तथा साना जलविद्युत,नविकरणीय ऊर्जा विकास र तिनीहरुको प्रयोगको सम्भावना, शहरी तथा ग्रामीण खानेपानी आपूर्ति र पहुँच स्थिति, शहरी तथा ग्रामीण सरसफाईको स्थिति, खानेपानीका संभावित स्रोतहरु र तिनको उपयोगको स्थिति, बिद्यालयहरुमा खानेपानी तथा सरसफाइ (छात्र र छात्राका लागि शौचालय) सुविधाको स्थिति, खुल्ला दिशा मुक्त क्षेत्रको स्थिति, ढल निकास र फोहोरमैला संकलन तथा व्यवस्थापन, नदी नियन्त्रण भौतिक पूर्वाधार सम्बन्धी समस्या तथा चुनौती, सारांश र सिफारिसहरु ।

**४.११ शिक्षा तथा खेलकुदको स्थितिः** स्थानीयतहको शैक्षिक तथा साक्षरता स्थिति, शिक्षा सेवा तथा सुविधा, पर्वाधारको माग तथा आपूर्तिको स्थिति, शिक्षक संख्या र तालिम, मानव संसाधन विकासको स्थिति, बाल विकास, छात्र छात्राको अवस्था, भर्ना तथा स्कूल परित्याग दर, (आधारभुत र मा.वि. तह.), विद्यालय पुग्न लाग्ने समय, वैकल्पिक एवम् अनौपचारिक शिक्षा, विद्यालय व्यवस्थापन समितिमा बाल प्रतिनिधित्व, उच्च शिक्षा, क्याम्पस र विश्वविद्यालय, प्राबिधिक र अप्राबिधिक शिक्षा आदिको स्थिति, खेलकुद पुर्बाधार र खेलको स्थिति, शिक्षा तथा खेलकुद सम्बन्धी समस्या तथा चुनौती, सारांस र सिफारिसहरु ।

**४.१२ स्वास्थ्य स्थितिः** स्वास्थ्य सेवा सुविधा र स्वास्थ्य स्थिति, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद, अस्पताल, निजी अस्पताल, बर्थिङ्ग केन्द्र, औषधी पसल, स्वास्थ्य संस्था पुग्न १ घण्टाभन्दा बढी समय लाग्ने घरपरिवार संख्या, स्वास्थ्य संस्थामा मानव संसाधनको स्थिति (डाक्टर, नर्स, स्वास्थ्य कर्मी), खोपको अवस्था, कोरा जन्म तथा मृत्यु दर, मातृस्वास्थ्य, महिला स्वास्थ्य, पोषण, प्रमुख रोगहरु र तिनको रोकथाम, सरसफाई तथा वातावरणीय स्वास्थ्य, संक्रमित रोगको स्थिति (संक्रमित, प्रभावित संख्या, जोखिम क्षेत्र, सही जानकारी भएको १५ देखि २४ बर्ष उमेर समूह) स्वास्थ्य सम्बन्धी समस्या तथा चुनौती, सारांश र सिफारिसहरु ।

**४.१३ समाज कल्याण तथा सामाजिक सुरक्षाको स्थितिः** बालगृह, वृद्धाआश्रम, हिंसा पीडित, बेच बिखनमा परेका युवती तथा महिलाहरुको लागि सुरक्षित घर, सडक बालबालिकाको स्थिति, सामाजिक सुरक्षा भत्ता प्राप्तकर्ता र वर्तमान स्थिति, छात्रवृत्ति वितरणको स्थिति, पोषण भत्ता वितरण स्थिति, नागरिक सुरक्षा सेवा, अपराधिक घटनाको प्रवृत्ति, नागरिक प्रहरीको अनुपात, महिला प्रहरी, सुरक्षा अवस्था, महिला तथा वालवालिकाको विकास स्थिति, शैक्षिक स्थिति र पहुँच, स्वास्थ्य स्थिति तथा प्रजनन् स्वास्थ्य, सीप विकास, क्षमता विकासको स्थिति, रोजगार स्थिति र पहुँच (स्वदेशी तथा विदेशी रोजगारी, समग्र आर्थिक विकासको स्थिति ), वैवाहिक स्थिति /बालविवाह आदि । भेदभाव, छुवाछुत, महिला विरुद्ध हिंसा सामुदायिक र राजनीतिक क्रियाकलापमा सहभागिता र प्रतिनिधित्व, सेवा र सुविधा माथिको पहुंच, नियन्त्रण र शक्ति विश्लेषण (निर्णय प्रक्रियामा पहुंच), विकासको हरेक चरणमा महिला तथा पिछडिएका वर्गको सहभागिता तथा विकासको प्रतिफलबाट लाभान्वित वर्गको पहुँच, जन्म दर्ता/विवाह दर्ता मृत्यु दर्ता, एकल महिलाको स्थिति, द्वन्द पिडित महिला, बालबालिकाको अबस्था, बाल श्रमको अवस्था, अभिभावक विहीन बालबालिकाको अवस्था, समुदायमा आधारित बाल संरक्षण प्रणाली, पीडित महिला/बालबालिकाको न्यायमा पहुँचको स्थिति, महिला/बालबालिकाको लागि अल्पकालीन आश्रयस्थलको स्थिति, उपेक्षामा परेका बालबालिकाको स्थिति, महिला/बालबालिका घरमुली रहेको अवस्था, समाज कल्याण तथा सामाजिक सुरक्षा सम्बन्धी समस्या तथा चुनौती, सारांश र सिफारिसहरु ।

**४.१४ उपेक्षित उत्पिडित, पिछडा वर्ग, दलित तथा जनजातीको स्थितिः** शैक्षिक स्थिति, गरिवीको स्थिति, रोजगारीको स्थिति, स्वास्थ्य स्थिति, समग्र सामाजिक स्थिति (नियन्त्रण र शक्ति विश्लेषण (निर्णय प्रक्रियामा पहूंच) सामुदायिक र राजनीतिक क्रियाकलापमा सहभागिता र प्रतिनिधित्व, सेवा र सुविधामाथिको पहुंच, दृष्टिविहिन तथा शारीरिक असक्तको अवस्था, तेश्रो लिंगीको स्थिति, स्थानीय स्तरमा मानव अधिकारको अवस्था, स्थानीयतहमा दलित तथा जनजातिका समस्या तथा चुनौती, सारांस र सिफारिसहरु ।

**४.१५ वन, वातावरण तथा जलबायु परिवर्तनको स्थितिः** वन क्षेत्रको स्थिति, वन संरक्षण तथा जैविक विविधता, वन उत्पादन तथा सामुदायिक सहभागिता, वन पैदावारको माग तथा आपूर्ति स्थिति, शहरी वातावरण स्थिति, वायु तथा जलीय प्रदुषण, ध्वनी प्रदुषण, माटो जमिन प्रदुषण, फोहरमैला व्यवस्थापन, अन्य वातावरणीय समस्याहरु, ढल निकास, ग्रामीण वातावरणीय स्थिति, भूक्षय तथा वाढीपहिरो, नदी कटान, वन डढेलो, घरभित्रको वायु प्रदुषण, जलाधारको अवस्था, बाढी, पैरो, नदी कटान, हुरी बतासबाट सम्भावित जोखिमको अवस्था, जलवायु परिवर्तन सम्बेदनशिल क्षेत्रमा नविकरणीय ऊर्जाको अवस्था, जलबायु अनुकुलन योजना तर्जुमा र कार्यान्वयनको स्थिति, स्थानीयतहमा वन, वातावरण तथा जलबायु परिवर्तन सम्बन्धी समस्या तथा चुनौती, साराश र सिफरिसहरु ।


**४.१६ संस्थागत स्रोत तथा क्षमताः** बित्तीय स्रोत तथा क्षमता विश्लेषण, स्थानीय सरकार, गैसस/नगारिक समाजहरुको क्षमता विकास र वित्तीय अवस्था, स्थानीयतहको आर्थिक स्रोतको तथा आय, आन्तरिक स्रोत स्थिति तथा प्रक्षेपण, संघीय सरकारको समानिकरण अनुदान, संघीय तथा प्रान्तिय सरकारका सशर्त र विशेष अनुदान, सहयोग तथा राजस्व बांडफांडबाट प्राप्त रकम र सोको प्रक्षेपण, स्थानीयतहको आर्थिक स्रोत परिचालन तथा आय स्थिति, जनसहभागिता परिचालन स्थिति तथा प्रक्षेपण, सहभागितामूलक योजना तर्जुमा प्रक्रिया, सूचना तथा अभिलेख व्यवस्थापन, नागरिक समाज,

संगठनको प्रवर्द्धनको स्थिति, योजना, आयोजना र कार्यक्रमहरुको अनुगमन, स्थानीयतहमा बाल वालिका, महिला, दलित, जनजाति समितिहरुको प्रभावकारिता स्थिति, स्थानीय स्तरमा गठित समितिहरु र तिनिहरुको क्रियाशिलता (विपद व्यवस्थापन, बालमैत्री स्थानीय शासन प्रवर्द्धन,सामाजिक सुरक्षा व्यवस्थापन समिति), सामाजिक परिचालन, सार्वजनिक लेखाजोखा, सार्वजनिक सुनुवाई, नागरिक वडापत्रको अनुगमन स्थिति, लैङ्गिक तथा समावेशी परीक्षण एवम् लेखाजोखा सम्वन्धी अवस्था ।स्थानीयतहकाविषयगत कार्यक्रममा लगानी स्थिति  तथा प्रक्षेपण, संघीय/प्रदेशस्तरीय विषयगत कार्यक्रम र आयोजनामा लगानी स्थिति  तथा प्रक्षेपण, गैससहरुले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यक्रममा गरेको लगानी तथा प्रक्षेपण, निजी क्षेत्रले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यक्रममा गरेको लगानी तथा प्रक्षेपण । त्यस्तैगरी स्थानीय जनशक्ति तथा प्राविधिक क्षमता विश्लेषण (सामाजिक समूह अनुसारको सूचना), योजना तथा कार्यान्वयन क्षमता विश्लेषण, योजना तथा कार्यान्वयनको लागि संस्थागत स्वरुप, संस्थागत समन्वय तथा संजाल, स्रोत उपयोग स्थिति  (शीर्षकगत खर्च विश्लेषण, संचालनमा रहेका आयोजना संख्या र आयोजना सम्पन्न गर्ने दर, विनियोजित रकमको निकासा र खर्चकोस्थिति), स्थानीयतहको न्यूनतम सर्त र कार्यसम्पादन  स्थिति, स्थानीय स्तरमा दिगो बिकास लक्षले निर्धारण गरेका सूचकहरुको अवस्था, विस्थापितहरुको अवस्था र पूर्नस्थापना, द्वन्द विस्थापीत, प्रकोप विस्थापित, शान्ति, विकास र पुर्नसंरचना सम्बन्धी गतिविधि, योजनाको लागि उपलव्ध वित्तीय स्रोतको संक्षिप्त विवरण तथा प्रक्षेपण, अन्तर स्थानीयतह सम्वन्ध ( राजश्व, श्रोतपरिचालन, बसाईसराई, जलाधार ब्यवस्थापन, पर्यटन विकास, दैवि प्रकोप, संस्कृति संरक्षण आदि), स्थानीयतहमा संस्थागत स्रोत तथा क्षमता सम्बन्धी समस्या तथा चुनौती,सारांस र सिफरिसहरु ।

## ५ स्थानीय तहमा आबधिक योजना तर्जुमा प्रकृया

आबधिक विकास योजना तर्जुमा पकृया चित्र १ बमोजिम गर्नु उपयुक्त हुन्छ ।

चित्र १: आबधिक विकास योजना निर्माण चक्र




## ५.१ योजना तर्जुमाको पूर्व तयारी

स्थानीयतहको योजना संघीय तथा प्रदेश नीति तथा कार्यक्रमलाई दृष्टिगत गरी तयार गर्नु उपयुक्त हुनेहुंदा पूर्वतयारीको क्रममा विद्यमान नीति, रणनीति तथा योजना तर्जुमा प्रक्रिया सम्बन्धी निर्देशन तथा मार्गदर्शनहरूको लेखाजोखा जरुरी हुन्छ । यसका साथै योजना तर्जुमा प्रक्रिया सम्बन्धी गतिविधिहरूको व्यवस्थित सञ्चालनका लागि प्रक्रिया प्रारम्भ गर्नु अगाडी सिर्जनागर्नुपर्ने पूर्वाधारहरूको पूर्वानुमान गरी सोको व्यवस्थापन गर्न आवश्यक हुन्छ । योजना तर्जुमा प्रकृया समय र परिस्थिति

अनुसार फरक हुन सक्ने भएतापनि योजना तर्जुमा प्रकृयाको तयारी तथा पूर्व आवश्यकताहरूको व्यवस्थापन गर्दा तपसिल बमोजिमका कार्यहरू सम्पादन गर्नु उपयुक्त देखिन्छ ।

### ५.१.१ स्थानीयतहको आवधिक विकास योजना तर्जुमा पद्धतिको छनोट

आवधिक विकास योजना तर्जुमाका तीनवटा प्रचलित पद्धति छन ।

- पहिलो सहभागितात्मक प्रकृयामुखी तयारी गर्ने पद्धति ।
- दोस्रो विषयविज्ञद्वारा तयारी गर्ने पद्धति ।
- बिषयविज्ञ सम्मिलित सहभागितात्मक मिश्रीत पद्धति

आवधिक विकास योजना सहभागितामूलक प्रकृयामुखी पद्धतिमात्रबाट तर्जुमा गरिंदा विषय विश्लेषण नभइ महत्वाकांक्षी योजनाहरुको फेहरिस्त बन्ने हुँदा लगानी स्रोत जुटाउन कठीन हुनजान्छ । विशेषज्ञहरूको संलग्नतामा मात्र आवधिक विकास योजनाको तर्जुमा गर्दा यो बढी सिद्धान्तमुखी हुने, स्थानीय चाहना भन्दा टाढा हुने, र स्थानीय बस्तुपरक नहुने जस्ता कमजोरीहरू देखिन सक्छन् । तसर्थ प्रक्रियागत तथा विशेषज्ञता दुवैको सम्मिश्रणबाट आवधिक विकास योजनातर्जुमा गर्न सकिएको अबस्थामा वास्तविकताको नजिक हुन्छ । तसर्थ बिषयबिज्ञ सम्मिलित सहभागितात्मक मिश्रित योजना तर्जुमा पद्धति अपनाउन उपयुक्त हुन्छ ।

### ५.१.२ विषय क्षेत्रगत योजना तर्जुमा समिति निर्माण

आवधिक विकास योजना तर्जुमा गर्दा विषयक्षेत्रगत रुपमा छलफल गर्ने प्रयोजनका लागि निम्न छ वटा समितिहरु गठनगरी परिचालन गरिनुपर्छ । यी समितिहरु विषय तथा कार्यक्रमको प्रस्तावलाई विषयगतरूपमा छलफल गर्ने व्यवस्था मिलाउन गठन गरिएका समिति (स्थानीय सरकार संचालन ऐन २०७४ दफा ६७) नै हुनसक्छन ।

**५.१.२.१ आर्थिक विकास समितिः** यस समितिले कृषि, पोषण, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र  जस्ता बिषयगत क्षेत्र हेर्दछ .  त्यस्तैगरी यस समितिले दिगो बिकास लक्ष्य सम्बन्धी निम्नअनुसारका चारवटा लक्ष्यहरु हेर्दछ :

- दिगो विकास लक्ष्य १: सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने ।
- दिगो विकास लक्ष्य २: भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण प्राप्ति गर्ने र दिगो कृषिको प्रबर्द्धन गर्ने ।.
- दिगो विकास लक्ष्य ८: सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने ।.
- दिगो विकास लक्ष्य १२: दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने ।

**५.१.२.२ सामाजिक बिकास समितिः** यस समितिले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति , लैगिक समानता तथा समाजिक समावेशीकरण जस्ता बिषयगत क्षेत्र हेर्दछ । यस समितिले दिगो विकास सम्बन्धी पाँचवटा लक्ष्यहरुसमेत हेर्दछ ।.

- दिगो विकास लक्ष्य ३: स्वास्थ्य जीवन सुनिश्चित गर्ने र सबै उमेर समुहका सबै मानिसको कल्याण प्रवर्द्धन गर्ने ।
- दिगो विकास लक्ष्य ४: सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइका अवसरहरुलाई प्रवर्द्धन गर्ने ।
- दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हांसिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने ।
- दिगो विकास लक्ष्य ६:सबैका लागि खानेपानी तथा सरसफाइमा पहुंच सुनिश्चित गर्ने ।
- दिगो विकास लक्ष्य १०: देशभित्रै र देशहरूमाझ रहेको असमानतालाई न्युन गर्ने ।

**५.१.२.३ पूर्वाधार विकास समितिः** यस समितिले सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार जस्ता बिषयगत क्षेत्र हेर्दछ । दिगो विकास लक्ष्य अन्तरगत यस समितिले तिनवटा लक्ष्यहरु हेर्दछ ।

- दिगो विकास लक्ष्य ७: सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।.
- दिगो विकास लक्ष्य ९: बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई  दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने ।
- दिगो विकास लक्ष्य ११: सहरहरुलाई समावेशी, संरक्षित, सबल र दिगो बनाउने ।

**५.१.२.४ वातावरण तथा बिपद ब्याबस्थापन समितिः** यस समितिले वन तथा भुसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन आदि बिषयगत क्षेत्रमा काम गर्दछ । यस समितिले दिगो बिकास लक्ष्य सम्बन्धमा दुईवटा लक्ष्यहरुमा कामगर्दछ ।

- दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने ।
- दिगो विकास लक्ष्य १५: वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने ।

**५.१.२.५ संस्थागत विकास तथा सेवा प्रवाह समितिः** यस समितिले मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग आदि बिषयगत क्षेत्र हेर्दछ । दिगो विकास लक्ष्य सम्बन्धमा यस समितिले लक्ष्य १६ ले निदिष्ट गरेको न्यायपुर्णा, शान्तिपुर्ण र समावेशी समाजहरुको प्रवर्द्धन गर्ने कार्य गर्दछ ।

**५.१.२.६: बित्तीय ब्याबस्थापन र शुसासन समिति :** यस समितिले  लेखांकन, राजस्व परिचालन, वित्तिय अनुशासन, आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा वेरुजु फर्छ्यौट, सूचना तथा संचार व्यवस्थापन जस्ता क्षेत्रगत बिषयमा काम गर्दछ । साथै दिगो बिकास

लक्ष्य सम्बन्धमा लक्ष्य १७ ले निदिष्ट गरेको दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने कार्य गर्दछ. ।

### ५.१.३ बिषयक्षेत्रगत योजना तर्जुमा समितिका काम, कर्तव्य र अधिकार प्रष्ट गर्ने ।

स्थानीयतहको योजनातर्जुमा प्रयोजनको लागि  गठन भएका बिषयक्षेत्रगत समितिहरुको लागि निश्चित रुपमा उनिहरुको काम, कर्तव्य र अधिकार तयार गर्नुपर्दछ । उक्त कार्य विवरणमा के कुराको योजना तयार गर्ने हो? योजना तर्जुमा प्रक्रियाको प्रयोजन के हो ? लक्षित वर्ग/गरिव/ बञ्चित समुह/वर्गको पहिचान कसरी गर्ने हो? योजनाको मस्यौदा तयार गर्ने समया कति हो? उपलब्ध श्रोतसाधनको पहिचान कसरी गर्ने हो? कुन काम कहिले सम्पन्न गर्ने हो र समितिका प्रत्येक सदस्यको भूमिका के हो ? आदि । यस कार्यले समितिको भूमिका प्रष्टाउदै समयमा काम सम्पन्न गर्न मद्धत गर्दछ. । योजना तर्जुमा बिषयक्षेत्रगत समितिलाई प्रभावकारी तथा गतिशील बनाउन अभिमुखीकरण तालिम दिएर उनिहरुको काम, कर्तव्य, अधिकार र योजना तर्जुमासम्बन्धी निर्देशनहरू स्पष्ट पार्नु पर्दछ।

### ५.१.४ विषयगत क्षेत्रगत समितिको संरचना

- संयोजक: कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य
- सदस्य  गाउँ तथा नगर सभाका कम्तिमा १/१ जना महिला तथा दलित सदस्य सहित ३ जना
- सदस्य सचिव  बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने महाशाखा/शाखाका प्रमुख
- सम्बन्धित विषयगत क्षेत्र अन्तर्गतका अन्य शाखा प्रमुख  आमन्त्रित रहन सक्नेछन् ।

बिषयगत समितिले आवश्यकता अनुससार नीजिक्षेत्र, नागरिक समाज, गैह्रसरकारी क्षेत्र, बिषय बिशेषज्ञ, विकास साझेदार संस्थाका प्रतिनीधि आदिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछन ।

### ५.१.५ सहभागिता मुलक कार्यशाला आयोजना गर्ने

योजना तर्जुमा प्रयोजनको लागि बिषयबिज्ञ सम्मिलित सहभागितात्मक मिश्रीत बिधी अपनाई सबै सरोकारवलाहरुको कार्यशाला आयोजना गर्नुपर्दछ र उक्त कार्यशालकामाथि उल्लेख भए बमोजिमका उद्देश्य र प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ । कार्यशालाबाट आएका निचोडहरुको टिपोट गरी आबधिक योजनामा समावेस गर्नुपर्दछ ।

यस कार्यशालामा विषयक्षेत्रगत समितिका संयोजक र सदस्यहरु, प्रदेश योजना आयोग, जिल्ला समन्वय समिति, स्थानीय राजनैतिक दल, स्थानीयतहको विकाससँग प्रत्यक्ष सम्बन्धित साझेदारहरू, नीजिक्षेत्र, विषयविज्ञ पेशाविद्,सिमान्तकृत लोपोन्मुख समुदाय अपाङ्ता भएका व्यक्ति, नागरिक समाजका प्रतिनीधि सहभागी हुनुपर्दछ ।

यस कार्यशालको उद्देश्य सघीय परिवेष र तीनवटै तहका योजना र तिन्को अन्तरसम्बन्ध बारे जानकारी दिने, विकासका अन्तरसम्बन्धित विषयहरुबारे सहभागीहरुलाई जानकारी गराउने, दिगो विकास लक्ष्य कार्यान्वयनको लागि स्थानीयततहले गनुपर्ने परिपुरक र समपुरकका कार्यहरुबारे जानाकारी गराउने, सूचना र तथ्याङ्कका आधारमा समष्टिगत विश्लेषण र छलफल गर्ने,स्थानीयतहको समस्या विश्लेषणका आधारमा लक्ष्य उद्देश्य तथा रणनीतिहरु निर्धारण लगायत आवधिक योजनाको विस्तृत तयारी गर्ने ।

## ५.२ स्थानीय तहका समस्याहरुको पहिचान

आवधिक विकास योजना तर्जुमाका लागि पूर्वशर्तका रुपमा रहेको तथ्याङ्कीय विश्लेषण सहितको बस्तुगत विवरणका आधारमा विभिन्न विश्लेषण गरिन्छ । यस अन्तर्गत गरिने विश्लेषणबाट आवधिक विकास योजनाहरु बीचको परिपूरकताबाट राष्ट्रिय तथा प्रान्तिय सरोकारका विषयहरु र स्थानीय समस्याहरु सम्बोधन गरिन्छ । जस्तै राष्ट्रिय महत्वका कार्यक्रमका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापनबारे स्थानीयतहको भूउपयोग योजनामा उल्लेख गर्नुपर्छ । जनशक्ति क्षमता विश्लेषणबाट आवधिक योजनामा तयार गरिने परिदृश्यहरु कार्यान्वयन सुगमताबारे अनुमानगर्न सकिन्छ । राजनैतिक घोषणापत्रहरुको विश्लेषणबाट योजना कार्यान्वयनमा राजनैतिक प्रतिबद्धता बारे यकीन गर्न सकिन्छ । पुनसंरचना अघि र पछीको अवस्था विश्लेषणबाट नौला पक्षहरु उजागार भएको अबस्था पत्ता लाग्दछ ।

### ५.२.१स्थानीय तहका समस्या विश्लेषण

स्थानीय तहका समस्या पहिचानको क्रममा निम्न अनुसारका स्थिति विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

**आवधिक विकास योजनाहरु बीचको परिपूरकता:** तीनवटै तहका योजनाको दीर्घकालीन, मध्यमकालिन र अल्पकालिन लक्ष्य एवम् उद्देश्यहरू,तीनबटै तहका योजनाको नीति, कार्यनीति,अन्तर सरकारी वित्त उपयोग, राष्ट्रिय र प्रान्तिय महत्वका कार्यक्रम, नेपालले कार्यान्वयनको लागि तय गरेका दिगो विकास लक्ष्य, परिमाण्त्मक लक्ष्य र सूचकहरु र अनुगमन तथा मूल्याङ्कन पद्धतिको विश्लेषण गरी समस्या पत्ता लगाउनु पर्दछ ।

**क्षमता विश्लेषण**: जनशक्ति क्षमता विश्लेषण, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका लागि विषयगत कार्यालयहरूको/महाशाखा वा शाखाहरुको तथ्याङ्क व्यवस्थापन क्षमता, अनुगमन तथा मूल्याङ्कन क्षमता, उपलब्ध जनशक्ति तथा प्राविधिक क्षमता, योजना कार्यान्वयन क्षमता, विकास आयोजनाहरूको भौतिक प्रगतिको स्थिति, प्राविधिक जनशक्तिको उपलब्धता, जनशक्तिको तालिम जनशक्ति माग तथा आपूर्ति स्थिति ।

**राजनैतिक घोषणापत्र विश्लेषण:** दलीय चुनावी घोषणापत्र, दलहरुको प्रतिबद्धतापत्र, पुर्नरसंरचना अघि र पछीको अबस्था विश्लेषण र जनचाहनाका नौला उजागर पक्ष ।

**सार्बजानिक सेवा प्रबाहको स्थिति र समस्या बिश्लेषण:**स्वास्थ सेवा प्रबाहको स्थिति, समस्या र योजनाले सम्बोधन गर्नु पर्ने बिषय, शिक्षा सेवाको स्थिति, समस्या र योजनाले सम्बोधन गर्नुपर्ने बिषय, सामाजिक सुरक्षा जस्तै, बालबालिका, महिला, अपाङ्गता भएका ब्यक्ति, ज्येष्ठ नागरिक, सिमान्तकृत र

पिछडा समुदाय आदिको वर्तमान अबस्था, समस्या र योजनाले सम्बोधन गनसपर्ने बिषय । खानेपानी, सरसफाई, बिद्युत, संञ्चार आदिको बर्तमान स्थिति, समस्या र योजनाले सम्बोधन गर्नु पर्ने बिषय ।

**पूर्वाधार स्थिति र समस्याः**भौतिक पुर्बाधार जस्तै सडक, जल र हवाइ यातायात, उर्जा आदिको बर्तमान अबस्था, समस्या र योजनाले सम्बोधन गनुपर्ने बिषय ।

**आर्थिक स्थिति र समस्याः** गरिबी, रोजगारी, उद्योग धन्दा, ब्यापार ब्याबसाय, होटेल, पर्यटन आदिको बर्तमान अवस्था, समस्या र योजनाले सम्बोधन गर्नुपर्ने बिषय। माथि उल्लेखित बिषयहरुको बिश्लेषण र स्थानीयतहको स्थितिपत्रको अध्ययन र बिश्लेषणबाट स्थानीयतहका समस्या र आबधिक योजनाले सम्बोधन गनुपर्ने बिषयहरुको यकिन गरिन्छ ।

## ५.२.२ स्थानीय तहका सबल र कमजोर पक्ष तथा उनीहरुका अवसर र चुनौतीहरुको विश्लेषण ।

स्थानीय तहका सबल र कमजोर पक्ष तथा उनिहरुका अबसर र चुनौतीहरुको (SWOT Analysis) Strength, Weakness, Opportunity, Threat) बिश्लेषण गरेर पनि स्थानीय तहको आबधिक योजनमा सम्बोधन गर्नुपर्ने समस्या हरुको पहिचान गरिन्छ.।

तालिका १: स्थानीयतहका सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती विश्लेषण

| क्र.सं. | विषय | सबलपक्ष | दुर्बलपक्ष | अवसर | चुनौती | सबलपक्ष र अवसरलाई उपयोग गर्दै दुर्बलपक्ष र चुनौतीलाई हटाउने रणनीति |
|---|---|---|---|---|---|---|
| (क)व्यवस्थापकिय | | | | | | |
| १ | मानव, आर्थिक र वस्तुगत श्रोत | | | | | |
| २ | नगरपालिका/गाउँपालिका कार्यालयको सीप, ज्ञान र क्षमता | | | | | |
| ३ | समन्वय र साझेदारी | | | | | |
| ४ | व्यवस्थापन सूचना प्रणाली | | | | | |
| ५ | अनुगमन र मूयाङ्कन | | | | | |
| (ख) कार्यक्रमगत | | | | | | |
| ६ | आर्थिक पक्ष | | | | | |
| ७ | सामाजिक पक्ष | | | | | |
| ८ | जलबायु परिवर्तन | | | | | |
| ९ | वन तथा वातावरण | | | | | |
| १० | पुर्बाधार बिकास, पुनरनिर्माण | | | | | |
| ११ | मानबअधिकार र सामाजिक न्याय | | | | | |
| १२ | शुसासन | | | | | |
| १३ | श्रोत पचािलन | | | | | |

यस्तो विश्लेषणका लागि सहभागितामुलक पद्धतिमा आधारित समस्या विश्लेषणका अन्य औजारहरु (Problem Tree, Appreciative Enquiry आदि) को प्रयोग गर्न सकिन्छ । यस बिश्लेषणमा स्थानीय तहका सबल र कमजोर पक्ष आन्तरिक हुन्छन र अबसर तथा चुनौती बाह्य हुन्छन । तसर्थ यस्बाट स्थानीयतहलाई आफ्नो क्षमताको सही पहिचान गरी आफ्नो संस्थाको सबल पक्षको अधिकतम उपयोग गर्न र कमी कमजोरिलाई न्यून गर्ने उपायहरु अबलम्बन गर्न मद्दत मिल्छ । साथै यस्तो विश्लेषणको आधारमा प्राप्त अबसरहरुको उपयोगका लागि रणनीतिहरु तर्जुमा गरी उपयुक्त रणनिति छनौट गरि कार्यनिति निर्माण गर्नुपर्छ (तालिका १)।

### ५.२.३ सरोकारवलाको विश्लेषण

स्थानीयतहका समस्या पहिचान गर्ने सन्दर्भमा यसका बिभिन्न सरोकारवलाहरुको (Stakeholders) विश्लेषण पनि एक महत्वपूर्ण पक्ष हो । स्थानीयतहको विकासमा सरोकारवलाको चासो, समस्या तथा अपेक्षाहरू पहिचान गरी विश्लेषण गर्नुपर्दछ । सरोकारवलाका चासोहरु समयमै पहिचान भई आबधिक योजनाले सम्बोधन गरेको अवस्थामा उनीहरुको भूमिका योजना कार्यान्वयनमा सकारात्मक हुनेहुँदा योजना तर्जुमाको यस समस्या पहिचान चरणमा सरोकारवलाको बिश्लेषण अति आबश्यक प्रकृया हो । सरोकारवलाको विश्लेषण निम्नअनुसारको बिधिअपनाई गर्न उपयुक्त हून्छ ।

- स्थानीयतहसँग सम्बन्धित सबै सरोकारवालाहरू तथा समूहहरूको सूची तयार गर्ने ।
- सूचीमा समावेश भएका सरोकारवालाहरू लक्षित समूह, सेवा प्रदायक समूह, निजी क्षेत्र, नागरिक समाज, स्थानीय संघसंस्था आदिमा वर्गिकरण गर्ने ।
- सरोकारवाला विश्लेषणको लागि मुख्य मुख्य सरोकारवालाहरू छनौट गर्ने ।
- छनौट गरिएका सरोकारवालाहरूको विशेषता, चासो, सम्भाव्यता र समस्याहरूको विश्लेषण गर्ने ।
- स्थनीयतहको योजना तथा कार्यक्रमका लागि सरोकारवालाहरूको भुमिकालाई विश्लेषण गर्ने ।

यस प्रकारले स्थानीय समस्याहरुको पहिचान र स्थानीय विकासमा प्रभावपार्ने तत्वहरुको बिश्लेषण पश्चात विगतका प्रयास तथा उपलब्धिहरूको संक्षिप्त विवरण, स्थनीयतहका प्रमुख समस्या तथा चुनौतीहरूको संक्षिप्त विवरण र स्थानीयतहको आर्थिक एबं सामाजिक सेवाको स्तर तथा पुर्बाधारको अबस्था सुधारको लागि उपलब्ध अवसर तथा सम्भावनाहरू विश्लेषण गर्नु पर्दछ । यसरी गरिने विश्लेषण र प्रक्षेपणको आधारमा आबधिक बिकास योजना तर्जुमा प्रकृया आर्को चरणमा प्रबेश गर्दछ ।

तालिका २: सरोकारवलाको विश्लेषणका विषयहरूको व्याख्यात्मक टिप्पणी तयार गर्ने

| | |
|---|---|
| सरोकारवलाको विशेषता | • परिमाणात्मक पक्षहरू (सङ्ख्या, प्रतिशत, आदि)<br>• सामाजिक पक्षहरू (धर्म, संकृति, सामाजिक समुह, आदि)<br>• अवस्था तथा हैसियत (विधिसम्मत, अनौपचारिक, आदि)<br>• संरचना (संगठन, व्यक्ति, आदि)<br>• गतिविधि तथा योगदान |
| सरोकारवलाको चासो | • आवश्यकता तथा चाहनाहरू<br>• चासो (व्यक्त, अव्यक्त, निहित स्वार्थ)<br>• अग्रसरता (आशा, डर, अपेक्षा, आदि)<br>• स्वभाव (मैत्रीपूर्ण, तटस्थ, विरोधपूर्ण, सकारात्मक, नकारात्मक, आदि)<br>• कार्यक्रम कार्यान्वयन गर्ने निकाय प्रतिको धारणा |
| सरोकारवलाको सम्भाव्यता | • सबल पक्ष (श्रोत, अधिकार, एकाधिकार, सफलता र सिकाइहरू, आदि)<br>• सरोकारवलाले स्थानीयतहका कार्यक्रममा दिन सक्ने योगदानहरू |
| सरोकारवलाका समस्याहरू | • दुर्बलता तथा कमी-कमजोरी<br>• स्थानीयतहका कार्यक्रममा दिन नचाहने योगदानहरू<br>• मुख्य समस्याहरू |
| स्थानीयतहका कार्यक्रमका लागि सरोकारवलाको महत्व | • सरोकारवलालाई कसरी हेर्ने ?<br>• सम्बद्ध पक्ष प्रतिको दृष्टिकोण तथा व्यवहार कस्तो हुनुपर्ने हो? आदि |

## ५.३ स्थानीय तहको लागि परिचालन तथा उपयोग गर्नसकिने सम्भाव्य स्रोतको पहिचान

संघीय संरचनामा एकल अधिकार क्षेत्रका स्रोत उपर स्थानीयतहको आफ्नो अधिकार स्थापित रहेकोले अधिकारक्षेत्र भित्रको परिचालन तथा उपयोग सम्भाव्य स्रोत पहिचान (identification) र सम्भाव्यता (potential /viability) विश्लेषण गरी सोको आधारमा आवधिक योजनाका लागि थपलगानी अनुमान गर्नुपर्दछ । स्थानीयतहले परिचालन तथा उपयोग गर्न सकिने सम्भाव्य स्रोत पहिचान तथा विश्लेषण गर्नुपर्छ ।

## ३.४ समस्या समधान गर्ने विकल्पको खोजी र लेखाजोखा

माथिको खण्डमा पहिचान भएका विकास समस्याको समाधानको लागि के कस्ता रणनीति तथा उद्देश्यहरू लिनु उपयुक्त हून्छ भन्ने सम्बन्धमा बिभिन्न बिकल्पको खोजी तथा लेखाजोखा गनुपर्दछ । समस्या समधान गर्ने के कस्ता विकल्पहरू उपलब्ध छन् सो बारे लेखाजोखा गर्नु पर्दछ । स्थानीयतहका आवश्यकताहरू के के छन् ? वा त्यस्ता आवश्यकताहरु संम्बोधन गर्न के कस्ता उद्देश्यहरू निर्धारण गनुपर्दछ ? ति उद्देश्यहरुलाई विश्लेषण गर्न नकारात्मक भाषामा लेखिएका समस्यालाई सकारात्मक कथनमा परिवर्तन गरी समस्यालाई उद्देश्यमा परिवर्तन गर्नुपर्दछ ।

उद्देश्य विश्लेषणबाट समस्या समाधान गर्ने विकल्पहरू पहिचान गर्नुपर्नेहुन्छ । विकल्पहरु लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरुलाई समेत सम्बोधन हुने खालका हुनुपर्दछ । एकै प्रकारका उद्देश्यहरूलाई समूहकृत गरी विभिन्न विकल्पहरूको छनौट गर्न सकिन्छ । छनौट गरिएका विकल्पहरूबाट कुन विकल्प महत्वपूर्ण छ सोको मुल्याङ्कन गरी क्रमबद्धता निर्धारण गर्नुपर्दछ ।

प्राथमिकता निर्धारण भइ सकेका समस्याहरू मध्येबाट मुख्य मुख्य समस्याहरू छनौट गनुपर्दछ । प्रत्येक समस्याको तत्कालीन असरहरू, मुख्य कारणहरू पहिचान गर्नु पर्दछ । प्रमुख समस्याहरूको समाधानका सम्भावित उपाय र उद्देश्य तथा मुख्य मुख्य रणनीतिहरू के के हुन सक्छन् छनौट गरी तालिका ३ मा उल्लेख गर्नुउपयुक्त हुन्छ ।

तालिका ३: बिकल्प बिश्लेषण

| क्रम संख्या | समस्या | तत्कालिन परिणम र असर | मुख्य कारण | समधानका सम्भाबित उपायहरु | सम्भाबित उद्देश्य | समस्या समधानको लागि लिनुपर्ने रणनीति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पहिचान भएका सम्मस्याहरु समधानका विकल्पहरु विश्लेषण गरे पश्चात कम लागत र समय गाग्ने, स्थानीय श्रोतको अधिकतम उपयोग हुने, उपलब्ध शिप र ज्ञानको प्रयोग गरी समस्या समधान गर्ने विकल्पको छनोट गर्नुपर्दछ ।

## ५.५ आवधिक विकास योजनाको सोच, लक्ष, उद्देश्य, रणनीति र कार्यक्रम निर्धारण

स्थानीयतहको योजनाको पहिलो भागको रूपमा स्थितिपत्र तयार भइ सकेपछि योजना तथा कार्यक्रम तर्जुमा को चरणमा प्रवेश गर्नुपर्दछ । यो चरणमा स्थानीयतहको वस्तुस्थिति विश्लेषणबाट प्राथमिकतामा परेका समस्याहरूलाई सम्बोधन गर्नुपर्दछ । विकल्प विश्लेषणको आधारमा निर्दिष्ट समयमा उपलब्ध स्रोत तथा साधनहरूबाट हांसिल गर्न सकिने नतिजा शृङ्खला तथा कार्यक्रमहरू निर्धारण गर्नुपर्दछ .

### ५.५.१ आबधिक योजना तर्जुमागर्ने निर्देशक सिद्धान्तहरू निर्धारण गर्ने

स्थानीयतहको आबधिक विकास योजना तर्जुमा प्रक्रियाले स्थानीयतहमा बसोबास गर्ने सबै जनसमुदायको सामाजिक, आर्थिक, सास्कृतीक र वाताबरणीय अवस्थामा उल्लेखनीय परिवर्तन ल्याउने उद्देश्य राखेको हुँदा योजना तर्जुमा प्रक्रियाको लागि निर्देशक सिद्धान्तहरू तयगर्नुपर्दछ । देहायका आधारभुत पक्षहरूलाई ध्यानमा राखि निर्देशक सिद्धान्तहरूको निर्धारण गर्नुपर्दछ ।


- दिगो विकास लक्ष्य २०७२–२०८७ प्राप्त गर्न लक्षित हुनुपर्दछ ।

- समृद्द नेपाल र सुखी नेपालीको लक्ष्य लाइ यर्थातमा बदल्ने कार्यक्रमलाइ प्राथमिकता दिनु पर्दछ ।
- स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, बिद्युत, सञ्चार र यातायात जस्ता  सेवालाई सर्वव्यापी (Universal) बनाउने  र यी गतिविधिहरूमा प्रत्येक ब्याक्ति र समुदायको सहज पहुँच हुनपर्दछ ।
- स्वस्थ्य तथा सुरक्षित वातावरण, विशेषगरि स्वच्छ हावापानी, यथेष्ट पोषण (खाद्यपदार्थ) तथा आवासमा प्रत्येक ब्याक्ति र समुदायको पहुँच हुनुपर्दछ ।
- स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत, सञ्चार, यातायात, मानवअधिकार, सामाजिक न्याय र शासन पद्धती सुधारका प्रयासहरूमा सरकारी, गैह्रसरकारी, नीजिक्षेत्र, तथा अन्तर्राष्ट्रिय साझेदारहरूको सहकारितामा अघि वढनु पर्दछ ।
- पछाडी पारिएका दलित, जनजाती, मधेसी, गरिब, एकल महिला, अपाङ्ग र पिछडाबर्गको सेवामा पहुँच बृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरु पत्ता लगाइ सोको सम्बोधन गर्ने गरी कार्यक्रम निर्धारण गनु'पर्दछ ।
- सामाजिक एबं सांस्कृतिक अबस्थामा असर पुऱ्याउने प्रचलनमा रहेका कारक तत्व तथा जोखिमहरूको बारेमा ज्ञान हुन अति जरुरी छ ।
- प्राथमिकता तथा लक्ष्यहरूको निर्धारणको आधार वैज्ञानिक तथ्य) (scientific evidence)मा आधारित हुनपदर्छ ।
- सहभागितामुलक प्रक्रियाबाट प्राथमिकता तथा लक्ष्यहरूलाई अन्तिम रूपदिनुपर्दछ ।
- भविष्यको सामाजिक, आर्थिक, सांस्कृतिक र वाताबरणिय स्वास्थ्यको अवस्थामा असर पार्ने सक्ने सामाजिक तथा वातावरणीय प्रवृत्तिहरूको अनुगमन तथा अवलोकन गर्ने क्षमता अत्यावश्यक हुन्छ ।

### ५.५.२ नतिजा शृङखला निर्धारण गर्ने

योजनाले हाँसिल गर्न चाहेका नतिजाहरू एकै पटकमा हांसिल नभइ एक पछि अर्को गरी क्रमशः समयानुसार हांसिल हुँदै जाने हुन्छन ।श्रेणीगत उद्देश्यहरू (Hierarchy of objectives) को निर्धारण गर्दा नतिजामा आधारित व्यवस्थापन (result-based management)विधिलाई प्रयोग गर्नुपर्दछ (चित्र २) । यो विधिले स्थानीयतहको सामाजिक, आर्थिक, सांस्कृतिक र वाताबरणिय स्थितिमा सुधार गर्ने प्रयास र सोको प्रतिफल सम्बन्ध (cause and effect relationships) देखाउँछ । यसले योजनाको नतिजा सृङ्खला, लक्ष्यहरू तथा सूचकहरूको निर्धारणमा सहयोग गर्छ । नतिजाको विभिन्न तह हुने हुँदा नमुनाको रूपमा तहगत नतिजाको सृङ्खला तल उल्लेख गरिएको छ । स्थानीयतहका योजना तथा कार्यक्रमको नतिजाहरू तयगर्दा माथिल्लो तहका नतिजालाई परिभाषित गर्दै तल झर्नु पर्दछ। सर्बप्रथम योजनाको अन्तिम प्रतिफल वा प्रभाव (Impact)तय गर्ने । त्यस पछि क्रमशः असरहरु र प्रतिफलहलाई परिभाषित गर्नुपर्दछ । नतिजाहरू विशिष्ट (specific), नाप्न सकिने (measurable), प्राप्त हुन सक्ने (attainable), प्रासङ्गिक (relevant), तथा समयआबद्ध (time–bound)अर्थात SMART हुनुपर्दछ । शृङ्खलामा रहेका विभिन्न तहका नतिजाहरू तर्कसङ्गत रूपले क्रमबद्ध हुन ुपर्दछ । अतः नतिजाहरूबीच कारण असरसम्बन्ध (cause-effect-relationships) वा साधन साध्य र सम्बन्ध (means-end-relationship) छ, छैन जाँच गर्नुपर्छ । आवश्यक भए अर्को नतिजा छनौट गर्ने वा नतिजा लेखनको शब्दहरूमा हेरफेर गरी नतिजा सृङ्खलालाई परिमार्जन गर्नुपर्दछ ।

चित्र २: नतिजा शृङ्खला




सरोकारवालाहरूको सहभागितामूलक छलफलबाट प्रस्ताबित नतिजा शृङ्खलालाई अन्तिम रुप दिनुपदर्छ । नतिजाहरू निर्धारण गर्दा तिनीहरूको सम्भाव्यतालाई सुनिश्चित गर्नुपर्दछ । यसको लागि निम्न प्रमुख प्रश्नहरूमा ध्यान दिनुपर्दछ: के नतिजाको लागि निर्धारण गरिएको समय, सीमा र श्रोतहरू तथा अपेक्षित परिवर्तन बीच पर्याप्त सन्तुलन छ? के हामी उपलब्ध श्रोतहरूबाट धेरै कुराहरूगर्न खोजीरहेकात छैनौ? अन्य पक्षहरू वा जोखिमहरू के के हुन जसले नतिजाको प्राप्ति प्रभावित गर्न सक्छ ?आदि ।

### ३.५.३ दीर्घकालिन सोच निर्धारण (Vision) गर्ने

दीर्घकालिन सोच भनेको सपना देख्नु हो । यो दुरदृष्टि हो । आदर्श अवस्थाको परिकल्पना हो । सोचले मानिसमा उत्प्रेरणा जगाउँछ । सोचमा गन्तव्यको लगभग पहिचान भएको हुनुपर्छ । सोच सामान्यतया लामो समयकालका लागि लिइन्छ । नीति तथा योजनाको सन्दर्भमा सामान्यतया दीर्घकालीन सोच १५ देखि २० वर्षका लागि लिने गरिन्छ ।नेपालको संविधानले स्थानीयतहलाई बिघटन वा खारेज वा प्रतिस्थापन गर्नसक्ने कुनै अबस्थाको परिकल्पना गरेको छैन । स्थानीयलाई स्थानीयतहको प्रमुखको पदमा लगातार दुई कार्यकाल निर्वाचित भइ आंफ्नो गाउँपालिका वा नगरपालकिकाको लागि सोच लिने र १० वर्ष कार्यान्वयन गर्नसक्ने संवैधानिक अवसर प्राप्त छ । तसर्थ स्थानीयतहको सामाजिक,आर्थिक, सांस्कृतिक अबस्था, भौतिक पुर्बाधार र औद्योगिकरणको भविष्य कस्तो हुनु पर्ने हो र हाँसिल गर्न सकिने खालको आर्दश अवस्था(attainable ideal situation) को परिकल्पना गरी दीर्घकालीन सोच (long-term vision) निर्धारण गर्नुपर्दछ ।

उदाहरणको लागि: समृद्ध नगर र सुखी नगरबासी

### ३.५.४ आवधिक विकास योजनाको लक्ष्य निर्धारण

लक्ष्य एक चाहना हो जुन हाँसिल गर्न निर्धारण गरिन्छ । यो चाहनाको अन्तिम नतिजा हो । यस्तो चाहनामा प्राप्तिको आशा रहन्छ । स्थानीय विकासको लक्ष्य निर्धारण गर्दा स्थानीयतहमा परिचालन तथा उपयोग सम्भाव्य स्रोत पहिचान र स्थानीयतहको समस्या विश्लेषणबाट निस्केका निष्कर्षहरूलाई मुख्य आधार मान्नुपर्दछ ।

उदाहरणको लागि

आर्थिक उन्नती र भौतिक पुर्बाधारको विकास गरी समृद्ध नगर बनाउने ।

### ३.५.५ उद्देश्य निर्धारण

केही चाह राखी त्यो हासिल गर्नुको आसय नै उद्देश्य हो । उद्देश्यले उपलब्धी प्राप्त हुने अर्थ लाग्ने परिभाषा दिन्छ । विकासका उद्देश्यहरू एकभन्दा बढी हुन सक्छन् । यिनीहरूमा देहायका विशेषता हुनुपर्छ ।

- लक्ष्य प्राप्ति सम्बन्धी मध्यमकालिन नतिजा समेटिने गरी उद्देश्य लेखन गर्नुपर्छ ।
- उद्देश्य लक्ष्य भन्दा बाहिर जानु हुँदैन ।
- उद्देश्य गुणात्मक र परिमाणात्मक रुपले मापन गर्न सम्भव हुनेगरी लेखन गनुपर्दछ ।
- लक्षले स्थानीयतहको विकासको सम्भावना र अवसरहरुलाई अधिकतम उपयोग गर्नेकुरा संकेत गरेको हुनुपर्छ ।
- एक लक्ष्य हासिल गर्न एक भन्दा बढी उद्देश्य लिन सकिन्छ ।

उदाहरणको लागि

- पिछडिएका गांउँबस्तीका जनताको आर्थिक स्तर उठाउने ।
- प्रति ब्याक्ति आय बार्षिक रु ११०,००० बाट रु २००००० पुयाउने ।
- गरिबी निवारण गरी आर्थिक समृद्धि हांसिल गर्ने ।

### ५.५.६ विषय क्षेत्रगत उद्देश्य र परिपूरकता

विषयक्षेत्रगत भन्नाले स्थानीयतहको समग्र आर्थिक र सामाजिक विकासका लागि ६ वटा समूहकृत उपक्षेत्रहरुलाई जनाउँछ । माथी उल्लेखित विषयगत क्षेत्रहरुले आंआफ्नो क्षेत्रमा हासिल गर्ने उद्दयेश्यका लागि निकाल्नुपर्ने नतिजा नै बास्तवमा विषयगत क्षेत्रका उद्देश्य हुन । यी विषयक्षेत्रगत समितिमा स्थानीयतहको आंफ्नो सोच निर्धारण भइ उद्देश्यहरु स्थापित भएको अवस्थामा ती उद्देश्यको विषयगत उपलब्धी सँगको अन्तरसम्बन्ध र परिपूरकतालाई जाँच्ने काम गर्नुपर्दछ ।

- पिछाडिएका गाउंबस्तीमा संञ्चालित आर्थिक क्रियाकलाबले लोपउन्मुख जाति, दलित तथा आर्थिक रुपले सिमन्तकृत जनतालाइ प्राथमिकता दिनुपर्ने हुनसक्छ ।
- प्रति ब्याक्ति आय बढाउन समाजका सबै पक्षलाई समान अबसर आवश्यक हुनसक्छ ।
- गरिबी निवारण गर्न गरिब केन्द्रित सामाजिक आर्थिक कार्यक्रम आवश्यक हुन्नसक्छन ।

माथिका पक्षलाई ध्यान दिएर बिषयक्षेत्रगत उद्देश्यले स्थानीय तहको समग्र विकासमा के कस्ता समपुरक र परिपुरकको भूमिका निर्बाह गर्दछन जांच गरी उन्नत परिपुरकता बिकास गर्नु आवश्यक हुन्छ ।

## ५.५.७ रणनीति निर्धारण

लक्ष्य र उद्देश्यहरु हासिल गर्न अपनाउनु पर्ने तौर तरिका नै रणनीति हो । युद्ध जित्न वा खेल जित्न चालिने चाल नै रणनीति हो । जित्ने काम फत्ते गर्न रणनीति परिवर्तन गरिरहन सकिन्छ । आवधिक विकास योजनाका लक्ष र उद्देश्य हासल गर्न  विभिन्न रणनीतिहरु तय गर्नुपर्छ । कार्यक्रम कार्यान्वयनको समयमा निर्धारित रणनीतिले उन्नत काम गर्न नसकेमा मध्याबधी मूल्यांङ्कन गरी पुनरावलोकन गर्न सकिन्छ ।

उदाहरणको लागि

- स्थानीयस्तरमा विकास कार्यक्रम संञ्चालन गर्दा पिछाडिएका गाँउ र जनसमुदायलाइ बिशेष प्राथमिकता दिने ।
- उत्पादन वृद्धि गरी गरिब जनताको आयस्तर बढाउने कार्यक्रम जनसहभागितामा छनौट गर्ने आदि ।

## ३.५.८ कार्यक्रम (Program) निर्माण

निर्धारित उद्देश्यहरु पूरा गर्न अर्थात नतिजा निकाल्न उद्देश्यसित सम्बन्धित कार्यक्रमहरु तर्जुमा गर्नुपर्छ । कुनै खास उद्देश्य प्राप्तिको निम्ति तयार गरिएका कार्य र क्रियाकलापहरूको विभिन्न कार्य क्षेत्र (sector/sub-sector) सँग सम्बन्धित आयोजना, कार्यपद्धति वा सेवाहरूको एकीकृत समूहलाई नै कार्यक्रम भनिन्छ । आवधिक विकास योजनाले निर्दिष्ट गरेका लक्ष एवम् नीतिहरुलाई कार्यनीति मार्फत रुपान्तरण गर्न कार्यक्रमहरु निर्माण गरिन्छन ।

कार्यक्रम भनेको योजना कार्यान्वयन गर्ने निकायको नियन्त्रणमा रहने कार्यहरू हुन । कार्यक्रम कार्यान्वयनको उपज वा फल भनेको परिणाम हो ।कार्यक्रम र परिणामहरू तय गर्दा समस्या विश्लेषणको आधारमा गर्नुपर्दछ । समस्या विश्लेषणबाट प्राप्त नतिजाहरू बमोजिम भए नभएको जाँच गरी परिमार्जन गर्नुपर्छ । सरोकारवालाहरूको सहभागितामुलक छलफलबाट योजनाका परिणामहरू तथा कार्यक्रमहरुको अन्तिम रुप दिनुपर्छ । योजनाका परिणाम तथा कार्यक्रम छनौट गर्दा निम्न आधारहरूलाई ध्यान दिनुपर्दछः प्रभावकारिता (Effectiveness), समता (Equity), लागतकार्यदक्षता (Cost

efficieny), स्वीकार्यता (Acceptability), समय (Timing), अनिश्चितता (Uncertainty) र दिगोपना (Sustainability) .

उदाहरणको लागि

- पर्यटन विकास कार्यक्रम
- उर्जा विकास कार्यक्रम
- कृषि विकास कार्यक्रम
- उद्योग विकास कार्यक्रम
- पूर्बाधार विकास कार्यक्रम
- पिछाडिएका क्षेत्रमा गरिबी निवारण कार्यक्रम
- ग्रामिण सडक सुधार कार्यक्रम
- पूर्वाधार विकास कार्यक्रम
- कृषि प्रशोधन उद्योग कार्यक्रम

आवधिक विकास योजना एक निर्देशक योजनाको रुपमा रहने भएकाले कार्यक्रम सञ्चालनका लागि गरिने क्रियाकलाप एवम् गतिविधिस्तरको विस्तृत तयारी एवम् तर्जुमा यस्मा गरिंदैन । यस्तो योजना क्रियाकलापहरु वार्षिक योजना तथा कार्यक्रम मार्फत सम्बोधन गरिन्छन । तथापी आवधिक योजनामा राखिने कार्यक्रमहरुले सो कार्यक्रम सघाउने गरी सोचिएका क्षेत्र र योजनाहरु नछुटुन भन्नाका लागि योजना तथा आयोजनाहरु समेत निर्धारण गर्नुपर्छ । यसरी निर्धारण गरिएका योजनाहरु क्रमिक रुपमा आवधिक योजना अवधिभर विभिन्न परिमाणात्मक संख्यामा सञ्चालन गरिन्छन र वार्षिक योजनाहरुमा हाँसिल गरिने उपलब्धीको कुल योग नै आवधिक योजनाको परिमाणात्मक लक्ष हुन्छन ।

### ५.५.९ कार्यक्रम⁄आयोजनाको संभाब्यता अध्ययन

संभाब्यता अध्ययन आयोजना छनोटको एक महत्वपुर्ण प्रक्रिया हो जसबाट प्रस्तुत आयोजना उपलव्ध बजार, प्राविधि, वित्तिय तथा आर्थिक दृष्टिकोणले संचालन योग्य (viable) छ वा छैन भन्ने निर्धारण गर्न सकिन्छ । स्रोत तथा साधनको सीमितताले गर्दा स्थानीय चाहनाका सबै आयोजना कार्यान्वयन गर्न नसकिने हुँदा प्रतिस्पर्धामा रहेका सम्भावित आयोजनाहरूमध्येबाट सबैभन्दा उत्तम आयोजना छनौट गर्न सम्भाव्यता अध्ययन गर्नुपर्दछ । यसले आयोजना प्राबिधिक रुपले व्यवहारिक (Practical)तथा आर्थिक रुपले धान्न सकिने (viable) छ छैन भन्ने छानबीन गर्दछ । संभाब्यता अध्ययन गर्दा कार्यक्रम वा आयोजनाको बजार, प्राविधिक पक्ष, वित्तीय पक्ष, आर्थिक पक्ष, दिगो बिकास लक्ष्य, वातावरणीय तथा जलवायु परिवर्तन अनुकूलन पक्ष, लैंगिक पक्ष र संगठन व्यवस्थापन पक्षको विश्लेषण गनुपर्दछ। कार्यक्रम तर्जुमा गर्दा संम्भाब्यता अध्ययनले उच्च प्रतिफल दिने, स्थानीय सिप र साधानले कार्यान्वयन गर्न सकिने, कम समयमा सम्पन्न हुने, कम लागत लाग्ने आयोजनाहरु छनौट गर्नु उपयुक्त हुन्छ ।

### ५.५.१० कार्यक्रमहरुको प्राथमिकता

आवधिक योजना तर्जुमाका लागि आयोजना तथा कार्यक्रमको प्राथिमिकीकरण गर्दा स्थानीय सरकार सञ्चालन ऐनले निर्धारण गरेका बजेट तथा कार्यक्रमको प्राथिमकीकरणका आधार, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था जस्ता आधारमा गर्नुपर्छ । प्राथमिकता निर्धारण गर्दा विषयक्षेत्रगत रुपमा समिति भित्रका योजनाहरुलाई प्राथमिकीकरण गरिनुपर्छ । योजनाको प्राथमिकता निर्धारण गर्दा स्थानीयतहले उपयुक्त आधार छनौट गरी अङ्कभार निर्धारण गर्ने र बढी अङ्क प्राप्त गरेका कार्यक्रम तथा योजनाको प्राथमिकता निर्धारण गर्नुपर्छ । आयोजना प्राथमिकीकरण गर्नको लागि सबै क्षेत्रमा लागुहुने गरी आधारहरु तयार गरी प्रत्येक आधारको लागि अलग अलग अंङ्कभार छुट्याई अंङ्क दिइ प्राथमिकिकरण गर्न सकिन्छ । प्राथमिकता तय गर्दा प्रतक्ष्य योगदान पुयाउनेलाई अति उत्तम (तीन अंङ्क), अप्रत्क्ष्य योगदान पुयाउनेलाइ उत्तम (दुई अंङ्क), र तथस्टलाई सामान्य (एक अंङ्क) गरी बर्गिकरण गर्न उपयुक्त हुन्छ (तालिका ४) ।

तालिका ४: आयोजनाको अंङ्क

| क.सं | योगदानका किसिम | योगदान | अंङ्क |
|---|---|---|---|
| १ | क) प्रत्यक्ष योगदान पुयाउने | अति उत्तम | ३ |
| २ | (ख) अप्रत्यक्ष गदान पुयाउने | उत्तम | २ |
| ३ | ग) तथस्ट | सामान्य | १ |
| ४ | (घ) न्युन योगदान पुयाउने | न्युन | ० |

कार्यक्रम/आयोजनाको प्राथमिकीकरण मापदण्ड अनुसूची २ मा उल्लेख गरिएका छन ।

### ५.५.११ आयोजनाहरूको सूची तयार गर्ने

गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा अल्प, मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । स्थानीयतहले आफ्नो आवधिक विकास योजनाको अवधिलाई मध्यमकालीन र सोच पूरागर्ने अवधिलाई दीर्घकालीन मान्नुपर्छ । आयोजनाहरुको सूचीमा निम्न सूचनाहरु उल्लेख गर्न उपयुक्त हून्छ (तालिका ५) ।

तालिका ५: आयोजनाको समय अनुसारको बिबरण

| क्रम संख्या | आयोजनाको नाम | अल्पकालिन प्रकृति (१ देखि ३ बर्षमा सम्पन्न गर्न सकिने) | मध्यकालिन प्रकृति ( ३ देखि ५ बर्षमा सम्पन्न गर्न सकिने) | दिर्घकालिन प्रकृति (५ बर्ष भन्दा बढी समय लाग्ने र आंफनै स्रोतले निर्माण गर्न सकिने) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

साथै आयोजनाहरु कार्यान्वयनमा लैजान कुनस्तरमा रहेको छ सो बारे जानकारी राख्न देहायको तालिका अनुसारको आयोजनासूची बनाउन उपयुक्त हुन्छ ।

तालिका ६: आयोजनाहरुको सुची

| आयोजनाको नाम | आयोजनाको योगदान | | | | संभाब्यता अध्यन | | स्थानीय प्राथमिकता | | लगानी निश्चितता | | बाहय सहयोगको आबश्यकता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अति उत्तम | उत्तम | सामान्य | न्युन | भएको | नभएको | हो | होइन | छ | छैन | छ | छैन |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

यस्तो सूची बनाउँदा विषय क्षेत्रगत छुट्टाछुट्टै र तिनको स्रोत लगानी प्रक्षेपण पनि गरिनुपर्छ । स्थानीयतहका सहयोगी इच्छुक राष्ट्रिय वा बाह्य संस्थाले लगानीका लागि आयोजना छनौट यस्तो सूचीबाटै गर्दछन ।

### ५.५.१२ एकीकृत आवधिक योजना तर्जुमा समिति

गाउंपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले नै बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी स्थानीयतहको आवश्यकता बमोजिमका अन्यकार्यहरू गर्नुपर्ने भएकोले सबै विषयक्षेत्रगत समितिहरुबाट तयार भएको विश्लेषण र प्रस्तावका सम्बन्धमा उक्त समितिले नै देहायको काम सम्पादन गरी विकास योजनाहरु एकीकृत स्वरुपमा तयार गर्नुपर्छ । यस्तो एकीकरण गर्दा देहायका कार्यहरु सम्पादन गर्नुपर्छ ।

- विषयगत क्षेत्रका योजनाहरु एकीकृत गर्ने ।
- योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने ।
- योजना तथा कार्यक्रम बीच आपसीतादात्मता तथा परिपूरकता कायम गर्ने ।

### ५.५.१३ विषयगत खाकाको तयारी

एकीकृत आवधिक योजनातर्जुमा समितिले आंफ्नो काम सम्पादन गरेपछि दस्तावेज लेखनका लागि विषयगत खाकाको तयारी गर्नुपर्छ । यस्तो खाकाले लेखन कार्यलाई सिमीत र विषय केन्द्रित राख्छ ।आवधिक योजना दस्तावेजको विषयगत खाका अनुसूचीमा १मा राखिएको छ ।

## ५.६ आवश्यक स्रोत साधनको विश्लेषण र मध्यमकालिन खर्च संरचना

सघीय वित्त व्यवस्था अन्तर्गत विभिन्न तहमा गरिने खर्च अधिकारको बाँडफाँड, कर तथा राजस्व प्रणाली विकास, माथिल्लो तहबाट तल्लो तहमा वित्तीय हस्तान्तरणको व्यवस्था र अत्यावश्यक विकास खर्च जुटाउन सार्वजनिक ऋण लिने व्यवस्था जस्ता विषयहरुमा स्पष्ट संवैधानिक तथा कानूनी व्यवस्था गरिएकोले ती सबैको विश्लेषण गरिनुपर्छ ।विश्लेषण गर्दा राजस्व, समानिकरण रकम, बिषेस अनुदान, ससर्त अनुदान, ऋण,दातृपक्ष र अन्तरराष्ट्रिय सहयोग आदिलाइ समेटनु पर्दछ ।

स्थानीयतहले आवधिक योजना अवधिका लागि सार्वजनिक खरिदको अनुमान गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खरिदको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्छ । मध्यकालीन खर्च संरचनामा देहायका विवरण खुलाउनु पर्छ ।

- प्रस्तावित योजनाको उद्देश्य ।
- प्रस्तावित योजनाको लागत  संभाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यक रहेको कुराको पुष्ट्याँई ।
- प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपिछका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलव्धी ।
- प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खरिदको विवरण ।
- खर्च व्यहोर्ने स्रोत र खरीद गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलव्धीको प्रक्षेपण,र
- प्रस्तावित योजनाको मध्यम अवधिको खरीदको रणनीति र त्यसको वार्षिक खरीदसँगको तादाम्यता ।

### ५.६.१ आयोजनाहरुको लागि वार्षिक तथा आवधिक लगानी प्रक्षेपण गर्ने

आवधिक विकास योजना कार्यान्वयनका लागि प्राथमिकता क्रम निर्धारण गरिएका आयोजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन योजनामा उल्लेख गरिए बमोजिम आवधिक योजनाहरुको निर्धारित वर्षहरुमा कार्यान्वयन गर्न वार्षिक र आवधिक विकास योजना अवधिका लागि लगानी कार्यक्रम तयार गर्नुपर्छ । आयोजनाहरुका लागि वार्षिक तथा आवधिक लगानीको अनुमान तलका अनुच्छेदमा भनिय अनुसार गर्न उपयुक्त हुन्छ ।

### ५.६.२ आन्तरिक र बाह्य स्रोत विश्लेषण गर्ने

माथी अनुमान गरिएका लगानीका लागि आन्तरिक र बाह्य स्रोत विश्लेषण गर्नुपर्छ । आन्तरिक स्रोत भनेको स्थानीयतहको कार्यक्षेत्रभित्रको पूर्ण नियन्त्रणमा रहेको अवस्था हो । यसअन्तर्गत एकल अधिकारक्षेत्रमा पर्ने स्रोत पर्दछन । बाह्य वातावरण भन्नाले स्थानीयतहको पूर्ण नियन्त्रणमा नरहने तर स्थानीयतहले प्रभाव पार्न सक्ने, नीतिगत सुधारमा सहयोग गर्नसक्ने र मार्गनिर्देश गर्नसक्ने अवस्थालाई जनाउँछ । यो भनेको सङ्घीय तथा प्रदेश कानूनबाट निर्देशित हुने विषय पनि हुन । यसमा गैरसरकारी संस्था, सहकारी, सामुदायिक सघ, संस्था र निजीक्षेत्रका कार्यक्रमहरूका साथै केन्द्रीयस्तरबाट सञ्चालित स्रोत तथा योजना र कार्यक्रमहरू पर्दछन् (तालिका ७)।

तालिका ७: गाउँकार्यपालिका तथा नगरकार्यपालिकाले स्रोत साधनको अनुमान
कार्यक्रम: आर्थिक विकास

| कार्यक्रम | जम्मा अनुमानित लागत रु,००० मा | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|---|
| (क) मध्यकालिन आयोजना | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ञ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| जम्मा | | | | | | |
| (ख) आबधिक योजनाको लागि आयोजना | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| जम्मा | | | | | | |

नोटः यो अनुमानित लागत बिबरण फारम आर्थिक विकास क्षेत्रको सबै क्षेत्रको लागि जस्तै सामाजिक क्षेत्र, पुर्बाधार क्षेत्र, वाताबरण तथा बिपद ब्याबस्थापन क्षेत्र, संस्थागत विकास तथा सेवा प्रबाह क्षेत्र, बित्तिय ब्याबस्थापन र शुसासन क्षेत्रको लागि छुटटा छुटटै भर्नुपर्दछ ।

## ५.६.३ आन्तरिक स्रोतको विश्लेषण र प्रक्षेपण

आन्तरिक स्रोतबाट उपलब्ध हुन सक्ने स्रोतहरु योजना तर्जुमा गर्दाको बर्षलाई आधार बर्षमानि प्रक्षेपण गर्नुपर्छ । प्रक्षेपणको लागि तालिका ८ को प्रयोग गर्न उपयुक्त हुन्छ ।

तालिका ८: बजेट प्रक्षेपण (रु, ००० मा)

| शिर्षक | आवधिक योजन तर्जुमा बर्षको खुद आय | आवधिक योजना अवधिको अनुमान | कैफियत |
|---|---|---|---|
| सम्पत्ति कर | | | |
| घरजग्गा कर | | | |
| व्यवसाय कर | | | |
| जडिबुटि,कवाडी र जीबजन्तु कर | | | |
| **कुल कर अनुमान** | | | |
| बहाल विटौरी शूल्क | | | |
| पाकिङ्ग शुल्क | | | |
| सेवा शुल्क | | | |
| कुल शुल्क अनुमान | | | |
| **कुल अनुमान** | | | |

### ५.६.४ बाह्य स्रोतको विश्लेषण र प्रक्षेपण

स्थानीय तहलाई आबधिक योजना अबधिमा बाह्य स्रोतबाट हुनसक्ने सम्भाब्य स्रोतहरुको बिश्लेषण र प्रक्षेपण गनुर्पछ । यसरी बाह्य स्रोतको प्रक्षेपण गर्दा योजना तर्जुमा बर्षलाइ आधार बर्षमानी बाह्य स्रोतबाट आउनको लागि प्रतिबद्धता ब्यक्त भएका र अन्य निकट भबिष्यमा उपलब्ध हुने स्रोतहरुलाई ध्यान दिइ तालिका ९ अनुसार प्रक्षेपण गर्नुपर्छ ।

तालिका ९: बाह्य स्रोतको प्रक्षेपण (रु ,००० मा)

| शिर्षक | आवधिक योजना तर्जुमा वर्षको खुद आय | आवधिक योजना अवधिको अनुमान | कैफियत |
|---|---|---|---|
| संघीय बिभाज्यकोष बाट प्राप्त बांडफांड | | | |
| समानीकरण अनुदान | | | |
| सशर्त अनुदान (संघ र प्रदेश) | | | |
| विशेष अनुदान | | | |
| प्रदेश संञ्चित कोषवाट बांडफांड | | | |
| **कुल बांडफांड** | | | |
| बैदेशिक सहायता | | | |
| आन्तरिक ऋण | | | |
| अन्य स्थानीयतहवाट प्राप्त अनुदान | | | |
| व्यक्ति संघसंस्थावाट प्राप्त अनुदान | | | |
| **कुल सहायता र अनुदान** | | | |
| **कुल बाह्यस्रोत अनुमान** | | | |

### ५.६.५ नीजि क्षेत्रबाट परिचालन हुने संभाब्य स्रोतको विश्लेषण र प्रक्षेपण

स्रोतहरुको बिश्लेषण गर्दा नीजि क्षेत्रबाट हुने संभाब्य लगानीको विश्लेषण र प्रक्षेपण तालिका १० अनुसार गर्न उपयुक्त हुन्छ ।

तालिका ९: बाह्य स्रोतको प्रक्षेपण (रु ,००० मा)

| शिर्षक | आवधिक योजना तर्जुमा वर्षको खुद आय | आवधिक योजना अवधिको अनुमान | कैफियत |
|---|---|---|---|
| संघीय बिभाज्यकोष बाट प्राप्त बांडफांड | | | |
| समानीकरण अनुदान | | | |
| सशर्त अनुदान (संघ र प्रदेश) | | | |
| विशेष अनुदान | | | |
| प्रदेश संञ्चित कोषवाट बांडफांड | | | |
| **कुल बांडफांड** | | | |
| बैदेशिक सहायता | | | |
| आन्तरिक ऋण | | | |
| अन्य स्थानीयतहवाट प्राप्त अनुदान | | | |
| व्यक्ति संघसंस्थावाट प्राप्त अनुदान | | | |
| **कुल सहायता र अनुदान** | | | |
| **कुल बाह्यस्रोत अनुमान** | | | |

### ५.६.६ गैरसरकारी संस्था (गैसस) बाट परिचालन हुने स्रोतको बिश्लेषण र प्रक्षेपण

स्रोतहरुको आंकलन गर्दा गैससबाट विभिन्न सामाजिक कार्यको लागि हुने स्रोत परिचालनको आंकलन तालिका ११ अनुसार गर्न आबश्यक हुन्छ ।

तालिका ११ गैससको स्रोत प्रक्षेपण (रु,००० मा)

| शिर्षक | गैससको एकल लगानी | स्थानीयतहसंग सहलगानी | स्थानीयतह, प्रदेश र संघ संगको सहलगानी | आवधिक योजनामा गैससबाट मात्र हुने कुल लगानी | कैफियत |
|---|---|---|---|---|---|
| स्वास्थ्य | | | | | |
| सुत्केरी स्याहार कायक्रम | | | | | |
| सामाजिक सेवा | | | | | |
| जलवायु परिवर्तन | | | | | |
| कुल अनुमानीत लगानी | | | | | |

माथि उल्लेखित आन्तरिक र बाह्य दुवै स्रोतबाट संकलन तथा परिचालन योग्य स्रोतहरु मध्ये आवधिक योजना अवधिमा उपलब्ध हुनसक्ने पूँजीगत लगानीको अनुमान गर्नुपर्छ । यस्तो अनुमान गर्दा सार्वजानीक, नीजि र गैसस क्षेत्रको छुटटा छुट्टै र संयुक्त दुबै अनुमान गर्नुपर्छ ।

### ५.६.७ आबधिक योजना अवधिमा परिचालन संभाब्य कुल स्रोतको अनुमान

माथि उल्लेखित प्रक्रिया अनुसार अन्तरीक र बाह्य क्षेत्रबाट परिचालन हुने समग्र स्रोतको आंकलन गरी आबधिक योजना अबधिलाई चाहिने स्रोत र उपलब्ध स्रोतको विश्लेषण गरी स्थानीयतहमा प्राथमिकता प्राप्त आयोजनाको लागि स्रोतको उपलब्धताको प्रत्याभुती गर्न आबश्यक हुन्छ । कुल स्रोतको बिश्लेषण गर्न तालिका १२ को प्रयोग गर्न उपयुक्त हुन्छ ।

तालिका १२ः कुल स्रोतको प्रक्षेपण (रु ,००० मा)

| स्रोतको बिवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| (क) कुल संकलन | | | | | |
| आन्तरीक | | | | | |
| बाह्य | | | | | |
| (ख) प्रशासनीक र अन्य दायित्व | | | | | |
| (ग) (क–ख) लगानी योग्य अनुमान | | | | | |
| (घ) लगानी आवश्यक अनुमान | | | | | |
| (ङ) (घ–ग) बचत/न्युन | | | | | |
| अन्य स्रोतवाट पूर्ति (निजी तथा गैसस क्षेत्रको स्रोत अनुमान तालिकावाट) | | | | | |

### ५.६.८ आवश्यक जनशक्तिको आंकलन

आर्थिक स्रोतको अतिरिक्त योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको ब्याबस्थापन पनि महत्वपूर्ण पक्ष हो । योजना कार्यान्वयनको लागि के कति र कुन प्रकारको जनशक्ति आवश्यक पर्दछ त्यसको योजना कार्यान्वयन पूर्व आंकलन गरी ब्याबस्थापन गर्नु पर्दछ । आवश्यक जनशक्तिको प्रक्षेपण गर्न तालिका १३ को प्रयोग गर्न उपयुक्त हुन्छ ।

तालिका १३: जनशक्तिको आंकलन

| क्रम संख्या | योजना अबधीको लागि आबश्यक संख्या | हालको स्विकृत दरबन्दी | योजना अबधीको लागि नपुग दरबन्दी | स्विकृत दरबन्दीमा हाल कार्यरत कर्मचारी | | | | | नपुग कर्मचारी पुर्ती गर्ने स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय सरकारबाट | प्रदेश सरकारवाट | आंफनै श्रोतवाट | अन्य बिकास साझेदार संस्थावाट | जम्मा कार्यरत कर्मचारी | संघीय सरकार बाट | प्रदेश सा।कार वाट | आंफनै श्रोतवाट | अन्य बिकास साझेदार संस्थावाट |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | |

**नपुग स्रोतको व्यवस्थापन गर्ने:** नपुग स्रोतको पूर्तिका लागि योजना कार्यान्वयन गर्न लाग्ने स्रोतसाधन ( वित्तीय तथा जनशक्ति) को पून: समिक्षा गर्नुपर्दछ । नपुग स्रोतसाधन पूर्तिको रणनीति तय गर्नुपर्दछ । थप श्रोत प्राप्त भएपछि कार्यान्वयन गर्ने गरी कार्यक्रम वा आयोजनाहरुको वर्गिकरण गर्नुपर्दछ ।

**बजेट तयारगर्ने: स्रो**तसाधनको आवश्यकताहरू निर्धारण गरेपछि प्रत्येक कार्यक्रमका लागि के कति पूँजीगत तथा चालू खर्चलाग्ने हो सोको एकिन गर्नुपर्दछ । प्रत्येक वर्ष आवश्यक पर्ने बजेट अनुमान गरी बजेट शिर्षकहरू अनुसार रकम बाँडफाँट गर्नुपर्दछ ।

### ५.७ योजना कार्यान्वयन योजना (Plan Implementation Plan)

योजना कार्यान्वयन योजनामा आवधिक योजनाको उद्देश्य प्राप्त गर्नका लागि आवश्यक कार्यान्वयन विधि, कार्यान्वयन कार्यतालिका, र जिम्मेवारी तालिका समेटिएको हुन्छ । त्यस्तो कार्यान्वयन योजना आवधिक योजनामा उल्लेख भएका कार्यक्रम र  कृयाकलापहरुका लागि क्रमबद्ध रुपमा आवधिक विकास योजनावधिका लागि बनाउनुपर्छ ।

### ५.७.१ कार्यान्वयन विधि निर्धारण (Implementation mode)

योजना कार्यान्वयनका लागि आवश्यक पूर्वाधार सृजना गर्नुपर्ने तथा सरोकारवलाबीच समन्वय र साझेदारी गर्नुपर्ने भएकाले स्थानीयतहले आवधिक विकास योजनामा उल्लेखित योजनाको भौतिक

निर्माण सम्बन्धी कार्यान्वयनको विधि तयार गरी कार्यान्वयनमा लैजानुपर्छ । यसरी कार्यान्वयन विधि निर्धारण गर्दा

- ठेक्का पट्टा,
- उपभोक्ता समिति,
- करारमा,
- संयुक्त व्यवस्थापन वा साझेदारी, र
- गैरसरकारी संस्था मार्फत

कसरी गर्ने हो सार्वजनिक खरिद ऐनको परिधि भित्र रहि योजना वा कार्यक्रम सञ्चालन हुनु पूर्व नीतिगत सकेत  गर्नुपर्दछ ।

### ५.७.२ योजना कार्यान्वयन तालिका (Project Implementation Schedule)

योजना कार्यान्वयन गर्ने निकायले कुन काम कहिले शुरु गर्ने, कहिले सम्पन्न गर्ने समय किटान गरिएको कार्यतालिका वनाइ कार्यान्वयन ब्यवस्था गर्नु पर्दछ । योजना कार्यान्वयन गर्दा सम्बद्ध निकाय र व्यक्तिलाई तोकिएका कार्य जिम्मेवारी र कृयाकलाप प्रति जिम्मेवार बनाउन उपलब्धी परिणाम सूचक सहित कार्यसम्पादन करार गर्ने प्रणाली अपनाउनुपर्दछ ।

योजनाको क्रमबद्ध कार्यान्वयनको लागि कर्यान्वयन कार्ययोजना तयार गर्नुपदर्छ । कार्ययोजनामा आयोजनाको नाम, आयोजना कार्यान्वयन बिधि,आयोजनाका मुख्य मूख्य परिणाम तथा सूचकहरु, कार्यान्वयनको लागि  चाहिने स्रोत, जिम्बेवार ब्याक्ति, कार्यप्रारम्भ गर्ने मिति, कार्यसम्पन्न हुने मिति र प्रगती प्रतिबेदन बुझाउने समय प्रष्टहुनेगरी उल्लेख गनुपर्दछ। योजना कार्यान्वयन योजना बनाउंदा तालिका १४ को प्रयोग गर्नु उपयुक्त हुन्छ ।

तालिका १४: योजना कार्यान्वयन कार्ययोजना

| क्रम सं | आयोजनाको नाम | आयोजना कार्यान्वयन बिधि | आयोजनाका मुख्य मूख्य परिणाम सूचकहरु | कार्यान्वयनको लागि चाहिने स्रोत | | | जिम्बेवार ब्याक्ति | कार्यप्रारम्भ गर्ने मिति | कार्यसम्पन्न हुने मिति | प्रगती प्रतिबेदन बुझाउने समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट रु | जनशक्ति | भौतिक सामाग्री | | | | |
| | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |

नोटः यो योजना कार्यान्वयन कार्ययोजना सबै क्षेत्रको लागि जस्तै आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पुर्वाधार क्षेत्र, वातावरण तथा बिपद ब्याबस्थापन क्षेत्र, सस्थागत बिकास तथा सेवा प्रबाह क्षेत्र, बित्तिय ब्याबस्थापन र शुसासन क्षेत्रको लागि छुटटा छुटटै बनाउनु उपयुक्त हुन्छ।

## ५.८ योजना अनुगमन तथा मूल्याङ्कंकन योजना

### ५.८.१ अनुगमन योजना

स्थानीयतहका सार्बजानिक नीति, कार्यक्रम र आयोजनाको प्रभाबकारी र नतिजामसखि कार्यान्वयन र यीनिहरुको उचित संञ्चालन तथा ब्याबस्थपन गर्न र सम्पादन भएका वा हुंदै गरेका कार्यहरुमा जबाफदेहिता एकिन गर्नका लागि अनुगमन र मूल्याङ्कन जस्ता कार्यहरु आबस्यक पर्दछन् . योजना तर्जुमा चरणमा अनुगमन तथा मूल्यांङ्कन योजनाको तर्जुमा पनि एक महत्वपुर्ण कार्य हो ।

अनुगमनले बिभिन्न प्रस्नको उत्तर खोजी बिकास कार्यक्रम/आयोजनाको नतिजा खोज्ने र कार्यान्वयन गर्ने स्थानीतह र  पदाधिकरीहरुको जबाफदेहिता बृद्धि गर्न मद्दत गर्दछ । जस्तैः आयोजनाले कत्तिको राम्रो काम गरिरहेको छ ? आयोजनाले योजना अनुसारका कार्यक्रम र कृयाकलाब कार्यन्वयन गरिरहेको छ कि छैन? आयोजनाले आंफना कार्यक्रमहरु पुर्ब निर्धारित समय तालिका अनुसार कार्यान्वयन गरिरहेको छ कि छैन? आयोजनाले कायक्रम कार्यान्वयन गर्दा पुर्ब निर्धारित मापदण्ड र गुणस्तर अनुसार गरेको छ कि छैन ? आयोजनको कार्यान्वयन खर्च  अनुमान गरेभन्दा बढि वा घटि के छ? आयोजनाका कृयाकलाबहरु कार्यान्वयनका सबल र दुर्बल  पक्ष के के हुन? आयोजना कार्यान्वयन गर्दा के कस्ता समस्या देखिए?समस्या समधानका यपयुक्त उपाय के के हुन?  तसर्थ अनुगमनले कार्यक्रम वा आयोजना कार्यन्वयनका सबल र दुर्बल पक्ष पत्ता लगाइ दुर्बल पक्ष न्युनिकरण गर्न, प्रगतिको समिक्षा गरी कार्यक्रम वा आयोजना कार्यन्वयनमा आबस्यक समायोजन गर्न र कार्यक्रम वा आयोजना सम्बन्धी आबस्यक सूचना संकलन गरी प्रमाणमा आधारित निर्णय गर्ने पद्धतिको सुदृढिकरण गर्न मद्दत गर्दछ . माथि उल्लेखित कारणहरुले गर्दा योजना कार्यान्वयन योजना संगै अनुगमन तथा म्रल्यांङ्कन योजना तयारगरी कार्यान्वयन गर्ने व्याबस्था गर्नुपर्दछ ।

अनुगमनका लागि योजनाका आधिकारिक दस्ताबेजहरु जस्तै योजना कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका, आयोजनाको नतिजाखाका आदि  दस्ताबेजहरुको अध्ययन गर्नुपर्दछ ।

### ५.८.२ अनुगमन प्रणालीको छनौट तथा निर्धारण

अनुगमन प्रणाली नतिजाखाका (Result Framewrok) को आधारमा स्थापित गर्नु उपयुक्त हुन्छ । स्थानीयतहले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन सक्छन । यस्तो विधिका लागि प्रदेश नीति तथा योजना आयोगबाट प्रर्बद्धित दिगो बिकास लक्ष्यका विस्तृत सूचकहरुलाइ परिपुरक तथा समपुरक गर्नेगरी स्थानीय तहले आंफना कार्यक्रमका सुचकहरु निर्धारण गर्नु उपयुक्त हुन्छ.।

स्थानीयतहले आफ्नो आवश्यकता र उपलब्ध तथ्याङ्कको परिमाणात्मक स्थितिका आधारमा मौलिक रुपमा अनुगमन प्रणाली अबलम्बन गर्नसक्ने भएकोले देहाय बमोजिम गर्नु उपयुक्त हुन्छ।साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि प्रदेश तथा राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालको(Monitoring Information System)अनुगमन सूचना प्रणालि बिकास गनुपर्दछ ।स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारीसंस्था लगायतका सामाजिक

तथा सामुदायिक सङ्घसंस्थाले स्थानीयतहसँगको समन्वयमा रही कार्यगर्नुपर्ने र स्थानीयतहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रणाली अपनाउनु पर्ने भएकोले सो सम्बन्धी तथ्याङ्क समेत सङ्कलन र विश्लेषण गर्नुपर्छ ।

### ५.८.३ अनुगमन तह

आवधिक विकास योजनाको अनुगमन लक्ष, उद्देश्य र कार्यक्रम तहमा गरिने पद्धति तालिका १५मा उल्लेख गरिएको छ ।

तालिका १५: अनुगमन तालिका

| **कुल तहमा अनुगमन गर्ने?** | **के अनुगमन गर्ने?** | **कहिले र कसले अनुगमन गर्ने?** | **कुन तहका सूचक राख्ने?** | **मापन गर्ने आधार के हुने?** |
|---|---|---|---|---|
| **लक्ष्य** | | कार्यपालिका द्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञ | प्रभावतहको | संघ, प्रदेश र स्थानीयतहका वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरु |
| **उद्देश्य** | प्रभाव | कार्यपालिका द्वारा आवधिक योजनाको मध्यमकालमा | • असरतहको<br>• मानिसको सोचमा आएको परीवर्तन | • स्थलगत अनुगमन<br>• वार्षिक प्रगति प्रतिवेदनहरु |
| **कार्यक्रम** | देखिने असर<br>• विद्यालय भर्नामा वृद्धि<br>• अस्पतालमा जचाउन आउने विरामीको वृद्धि<br>• उत्पादकत्वमा परिवर्तन<br>• सडक पंहुचमा बृद्धि | गाँउर नगरकार्यपालिका द्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति।<br><br>वार्षिक | परिणाम तहका<br>• प्रतिशत<br>• वृद्धि | • सहभागितामूलक<br>• नतिजामुलक अनुगमन खाका अनुसार<br>• नमूना सर्वेक्षण गर्ने |
| **आयोजना** | परिणामहरु<br>• किल्निक सञ्चालन<br>• कक्षा सञ्चालन<br>• उत्पादन<br>• सडक बिस्तार<br>• भवन निर्माण | गाँउ र नगरकार्यपालिका द्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति ।<br><br>शाखा कार्यलयहरु र प्रमुख कार्यकारी अधिकृत<br><br>चौमासिक, वार्षिक | परिणामतहको संख्यात्मक बृद्धि | • नतिजामुलक अनुगमन खाका अनुसार<br>• स्थलगत अनुगमन<br>• सार्वजनिक परीक्षण<br>• सामाजिक परीक्षण<br>• सार्वजनिक सुनुवाइ<br>• गुनासो संकलन |

### ५.८.४ नतिजाखाकाको निर्माण (यसलाई अनुगमन तथा मूल्यांङ्कन योजना पनि भन्न सकिन्छ)

विकास योजना प्रक्रियालाई नतिजामुखी बनाउन र योजना, कार्यक्रम तथा आयोजनाहरुवीच सूचकका माध्यमबाट कसिलो सम्बन्ध स्थापना गर्न, बार्षिक योजनामार्फत आबधिक योजनामा अपेक्षित नतिजा हांसिल गर्नकोलागि यथोचित साधन स्रोतको बिनियोजन गर्न, र अनुगमन तथा मूल्यांकन पद्धतीलाई नतिजामूलक गराउन विषय क्षेत्रगत नतिजा खाका बनाई कार्यान्वयनमा लैजानु उपयुक्त हुन्छ । नतिजाखाका बनाउंदा निम्नकुरामा ध्यान दिनु उपयुक्त हुन्छ ।

(क) नतिजाखाकामा तीन तहका नतिजा (प्रभाव, असर र प्रतिफल तह) परिभाषित गरी तिनीहरुको अन्तरसम्बन्ध एकिन गर्नुपर्दछ । साथै स्थानीयतह अन्तर्गत संचालित विकास कार्यक्रम तथा आयोजनाहरुबाट विषय क्षेत्रगत प्रतिफल हासिल गर्न पुर्याउने योगदान श्रृंखला एकिन गर्नु उपयुक्त हुन्छ ।

(ख) आयोजनाको प्रभाव, असर र प्रतिफलको मापनका लागि विषय क्षेत्रगत नतिजा सूचकहरुलाई ब्यावहारिक बनाइनु पर्दछ । यसोगर्दा प्रदेश नीति तथा योजना आयोगले तयार गरेको अनुगमन तथा मूल्यांकन दिग्दर्शनमा समाविष्ट दिगो बिकस लक्ष्यका सूचकहरुलाई मूल आधारका रुपमा लिनुपर्दछ ।

(ग) यी सूचकहरुको आबधिक अनुगमन तथा मूल्यांकनलाई सजिलो बनाउन संभव भएसम्म हरेक सूचकहरुको आधार बर्ष २०७५/७६ को स्थितितय गर्ने र आबधिक योजना अबधिभरका लागि बार्षिक लक्ष्य र तथ्यांङ्क उपलब्ध गराउने, पुष्ट्याईको स्रोत र जिम्मेवार निकाय प्रष्ट गर्नुपर्दछ ।

(घ) विषय क्षेत्रगत रुपमा राखिएका प्रतिफल, असर र प्रभाब सूचकहरु हांसिल गर्नका लागि आवश्यक पर्ने न्यूनतम बाह्य वातावरणीय पक्ष तथा संभावित जोखिम अनुमान गनुपर्दछ ।

(ङ) नतिजा खाकाको निर्माण तल दिएको नमुना अनुसारको फारममाभरी कार्यान्वयन गर्न उपयुक्त हुन्छ।

नतिजा खाकाको प्रयोग योजना प्रक्रियाका विभिन्न चरणहरुमा देहाय वमोजिम गर्न उपयुक्त हुन्छ।

(क) वार्षिक विकास कार्यक्रम तथा वजेटलाई नतिजामूलक बनाउन यसको प्रयोग गर्नुपर्दछ । बार्षिक विकास कार्यक्रम तयार गर्दा सम्बद्ध विषय क्षेत्रगत खण्डमा यस नतिजा खाकाका सूचकहरु मूलतः असर र प्रभाव तहका सूचकहरु समावेस गर्नुपर्दछ । यसले कुनै खास आर्थिक बर्षमा सम्बद्ध विषयगत क्षेत्रमा हासिल गर्ने नतिजालाई प्रष्टपार्दछ ।

(ख) मध्यकालिन खर्च संरचनालाई नतिजामुखी बनाउन पनि यस खाकामा रहेका सूचकहरुको प्रयोग गर्नुपर्दछ । साथै यस खर्च संरचनाको प्रमुख अंगका रुपमा लिइने मध्यमकालीन कार्यसम्पादन खाका (Medium-term performance framework) बनाउन यसले प्रमुख आधारका रुपमा काम गर्दछ ।

(ग) वैदेशिक सहयोग लिनुपर्दा सम्बद्ध विकासका साझेदारहरु कुनै खास आयोजना वा कार्यक्रमले कसरी विषय क्षेत्रगत र स्थानीय स्तरका लक्ष्यहरु हासिल गर्न सहयोग गर्छ भनी जान्न उत्सुक हुन्छन् । यस्तो स्थितिमा उनीहरुको सहयोग रहने अमुक आयोजनाले सम्बद्ध विषयगत क्षेत्रको प्रतिफल, असर हुँदै प्रभाव हासिल गर्न सहयोग गर्ने बाटो प्रष्ट गर्न यसले मद्दत पुर्याउँछ ।

(घ) आबधिक योजनाको विषय क्षेत्रगत प्रावधानहरुको समीक्षा गरी बार्षिक प्रगति प्रतिवेदन तयार गर्न यसको महत्व रहन्छ । यस अर्थमा यसले अनुगमन तथा मूल्यांकन योजनाकै रुपमा काम गर्दछ (तालिका १६) ।

तालिका १६: नतिजाखाका बनाउने नमुना फारम

क्षेत्र:

| नतिजा | सूचकहरु | आधार तथ्यांङ्क २०७५/७६ | लक्ष्य | | | | | पुष्ट्याईका स्रोत | जिम्मेवार निकाय | जिम्मेवार ब्याक्ति | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | | | |
| प्रभाव: | | | | | | | | | | | |
| असर १: | | | | | | | | | | | |
| प्रतिफल १.१: | | | | | | | | | | | |
| प्रतिफल १.२: | | | | | | | | | | | |
| प्रतिफल १.३: | | | | | | | | | | | |
| असर २: | | | | | | | | | | | |
| प्रतिफल २.१: | | | | | | | | | | | |
| प्रतिफल २.२: | | | | | | | | | | | |
| प्रतिफल २.३: | | | | | | | | | | | |
| असर ३: | | | | | | | | | | | |
| प्रतिफल ३.१: | | | | | | | | | | | |
| प्रतिफल ३.२: | | | | | | | | | | | |
| प्रतिफल ३.३: | | | | | | | | | | | |
| असर ४: | | | | | | | | | | | |
| प्रतिफल ४.१: | | | | | | | | | | | |
| प्रतिफल ४.२: | | | | | | | | | | | |
| प्रतिफल ४.३: | | | | | | | | | | | |

लगानीः प्रमुख कार्यक्रम तथा आयोजनाहरु

| क्रमसं | कार्यक्रम तथा आयोजना | बिनियोजित बजेट | कार्यक्रम तथा आयोजनाले दिने प्रतिफल नं+ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

+नोटः यस खण्डमा कुन कार्यक्रम वा आयोजनाले कुन प्रतिफल प्राप्त गर्न मद्धत गर्दछ उल्लेख गर्ने । नतिजाखाका सबै क्षेत्रको लागि जस्तै आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पुर्बाधार क्षेत्र, वाताबरण तथा बिपद ब्याबस्थापन क्षेत्र, सस्थागत बिकास तथा सेवा प्रबाह क्षेत्र, बित्तिय ब्याबस्थापन र शुसासन क्षेत्रको लागि छुटटा छुटटै बनाउनु उपयुक्त हुन्छ ।

### ५.८.५ अनुगमन एवं प्रगती प्रतिवेदन प्रणाली

सम्पन्न कामको परिमाण र लेखाजोखा तथा विश्लेषण र सुझाव समेतको लिपिबद्ध दस्ताबेज नै प्रतिवेदन हो । प्रतिवेदन बाध्यकारी वा औपचारिक दुबै हुन्छन । आवधिक विकास योजना र वार्षिक योजनाको सन्दर्भमा स्थानीयतहले आंफुभन्दा उपल्लो निकाय र आआफ्ना सभाहरुमा समेत बाध्यकारी

रुपमा विभिन्न प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । अनुगमनका क्रममा नियमित, व्यवस्थित र समयबद्धरूपमा तथ्याङ्क विवरणहरू सङ्कलन, र प्रशोधन गरी प्रतिवेदन गर्ने कार्य गरिन्छ । प्रगती प्रतिबेदन प्रणालि तालिका १७ अनुसार गर्न उपयुक्त हुन्छ ।

तालिका १७: प्रतिवेदन तालिका

| **अनुगमन प्रतिवेदन** | **प्रबिदन गर्ने समय** | **समय** |
|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन योजना अनुसार | उपाध्यक्ष वा उपप्रमुखले बैठकमा पेश गर्ने | मासिक, चौमासिक, वार्षिक |
| जिससको समन्वय र अनुगमन गर्ने भुमिका | कार्यपालिका | वार्षिक |
| गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाका संयुक्त अनुगमन तथा प्रतिवेदन । | अनुगमन तथा सुपरिवेक्षण समिति र शाखा कार्यलयहरु | मासिक, चौमासिक, वार्षिक |
| संघीय सरकारलाई गर्नुपर्ने प्रतिवेदन (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री  घटना र सामाजिक सुरक्षा आदि । | शाखा कार्यलयहरु र प्रमुख कार्यकारी, प्रशासकीय अधिकृत | वार्षिक |

## ५.८.६ मूल्याङ्कन

स्थानीयतहले कार्यान्वयन गरेका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के-कति सान्दर्भिक, लाभदायी तथा प्रभावकारी छन्? तिनिहरुले लाभग्राहीका माग कुन हदसम्म सम्बोधन गरेका छन? कार्यान्वयनमा समाबेसिता र लैङ्गिक समता छ कि छैन? तिनिहरुको कार्यदक्षता कस्तो छ? तिनिहरुवाट के-कस्ता उपलव्धि, असर तथा प्रभावहरू हासिल भएका छन? तिनिहरुवाट प्राप्त प्रतिफल तथा नतिजाहरुको दिगोपना कस्तो छ? भन्ने सम्वन्धमा स्थानीयतह आंफैले वा स्वतन्त्र तेस्रोपक्षका मूल्याङ्कनकर्ताबाट उद्देश्यपुर्ण र व्यवस्थित तरिकाले उपयुक्त बिधी अपनाई लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो .

मूल्यांङ्कनले कार्यक्रम/आयोजनाका क्रियाकलाबहरु लाभग्राहिका आवश्यकता सम्बोधन गर्न कत्तिको सार्न्दभिक छन? कार्यक्रम/आयोजनाले संञ्चालन गरेका क्रियाकलाहरु राष्ट्रिय, प्रान्तिय तथा स्थानीय प्राथमिकता भित्र पर्छन कि पर्दैनन? कार्यक्रम/आयोजनाका क्रियाकला बाहेक संघीय, प्रादेसिक र स्थानिय नीति र योजनासंग मेल खान्छन कि खादैनन? कार्यक्रम/आयोजना कार्यान्वयन गर्दा समाबेसिता, लैङ्गिक समता र लाभग्राहिको संलग्नता कस्तो छ? कार्यक्रम/आयोजनामा उपलब्ध भौतिक, आर्थिक र मानबिय श्रोतहरुको उपयोग प्रभाबकारि रुपमा भए कि भएनन? कार्यक्रम/आयोजनाले संञ्चालन गरेका क्रियाकलाबहरुप्रभाबकारी छन कि छैनन र यदी प्रभाबकारी नभय किन प्रभाबकारी नभएका होलान? कार्यक्रम/आयोजनाले लक्ष्य अनुरुप नतिजा दिएको छ कि छैन? लक्ष्य अनुरुप प्रगती नभएको भए के कारणले प्रगती नभएको होला? कार्यक्रम/आयोजनामा लाभ लागत अनुपात कस्तो छ? कार्यक्रम/आयोजनाको आर्थिक तथा बित्तिय आन्तरिक प्रतिफल दर कस्तो छ? कार्यक्रम/आयोजनामा श्रोत विनियोजन र श्रोत उपयोग सक्षमता कस्तो छ? कार्यक्रम/आयोजनाले लाभग्राहीहरुमा के कस्ता असर र प्रभाब छोडे? असर र प्रभाबहरु सकारात्मक मात्र छन कि नकारात्मक पनि छन? इच्छित र अनईच्छित नतिजाहरु के के हुन? कार्यक्रम/आयोजनाका क्रियाकलाबहरुले स्थानीय जनताको जिबनस्तरमा सुधार ल्याए कि ल्याएनन? समग्रमा कार्यक्रम/आयोजनाका उधेस्य कुन हद सम्म पुरा

भए? उपलब्धि हासिल गर्न के कस्ता ब्याबधानहरु देखिए? कार्यक्रम/आयोजना कार्यन्वयनले ब्याबस्थापनमा सुधार र संस्थगत सुद्धिढिकरण गर्न के कस्ता योगदान दिए? कार्यक्रम/आयोजना संञ्चालन गर्दाका सिकाईह? के के हुन र तिनीहरुअन्य ठाउंकालागि अनुकरणिय छन कि छैनन?कार्यक्रम/आयोजनाका नतिजाहरुको दिगोपना कस्ता छन आदि प्रस्नको उत्तर दिन्छ र स्थानीयतह र तिनका पदाधिकारीलाई पृष्ठपोषण गरी कार्यक्रम/आयोजनाको जस अपजस बहन गर्न उत्प्रेरित गर्दछ । यस कार्यले स्थनीयतहमा असल शासन अभ्यास गर्न समेत मद्दत गर्ने हुनाले स्थानीयतहमा मूल्याङ्कन कार्य आबस्यक पर्दछ ।

मूल्याङ्कन कार्यक्रम/आयोजना छनौट चरणदेखि सञ्चालन चरणपछिका चार अवस्थामा गरिन्छ ।कार्यक्रम/आयोजना छनोट गर्नुपुर्ब समग्र स्थितिको मूल्याङ्कन गरिन्छ र यसलाइ पूर्बमूल्याङ्कन (Ex-ante) भनिन्छ । कार्यक्रम/आयोजना चालु रहेको अबस्थामा यसले आशातित उपलब्धि हांसिल गर्ने दिसा उन्मुख छ कि छैन भन्नेबारे थाहापाउन र कार्यान्वयन चरणका सिकाई अभिलेख गरी सुधार गर्न कार्यक्रम/आयोजना चालु अबस्थामा पनि मूल्यांङ्कन गरिन्छ र यसलाई चालु(On-going) मूल्याङ्कन भनिन्छ । कार्यक्रम/आयोजना कार्यान्वयनको अन्तिम चरणमा अथवा सम्पन्न भएको लगत्तै के कस्ता नतिजाहरु प्राप्त भए, सिकाईहरु के रहे? असर र प्रभाब के भए जस्ता बिषय थाहा पाउन अन्तिम वा सम्पन्न (Terminal)मूल्याङ्कन गरिन्छ । कार्यक्रम/आयोजना सम्पन्न भएको केहिबर्ष पछि प्रभाब र नतिजाको दिगोपना अध्ययन गर्न मूल्याङ्कन गरिन्छ र त्यसलाई कार्यक्रम पछिको (Ex-post) मूल्याङ्कन भनिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा मूल्याङ्कन सम्बन्धी व्यवस्था अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरूप जोखिमक्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेट्नु पर्ने र गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्ने व्यवस्था छ ।

आवधिक विकास योजना आफुमै एक बृहत कार्यक्रम समेत हो । यस्तो योजनाको स्वमूल्याङ्कन स्थानीय सरकार संचालन ऐनको दफा ९४ अनुसार गाउँपालिका तथा नगरपालिकाले गर्नुपर्छ । मध्यमकालिन अवधिमा यस्तो मूल्याङ्कन गर्दा आवधिक विकास योजनाका लक्ष्य र उद्देश्य हाँसिल गर्न उन्मुख रहे, नरहेको, लगानी योजना अनुरुप वार्षिक लगानीहरु निर्देशित रहे, नरहेको, रउपलब्धीका लागि लक्ष लगायत कार्यक्रमहरुको परिमार्जन सम्बन्धी आवश्यकता रहे, नरहेको प्रश्नको जवाफ प्राप्त हुनेगरी गरिनुपर्छ ।साथै योजनावधिको अन्त्यमा निर्धारीत संख्यात्मक तथा गुणात्मक लक्ष प्राप्तिको मूल्याङ्कन अन्तिम रुपमा तेश्रोपक्षबाट गर्नु गराउनुपर्छ ।

## ५.९ योजनाको स्विकृती र कार्यान्वयन

विषयगत समितिले तयार गरेका क्षेत्रगत योजनाको विश्लेषण र तर्जुमा कार्यशालामा भएका सहमति र निर्णयहरुका आधारमा आवधिक विकास योजना दस्तावेजको नमुनामा लिपिबद्ध गर्न एक कार्य टोली गठन गर्नुपर्छ । यस्तो कार्यटोलीले योजना तर्जुमा सम्बन्धमा भएका सहमति र निर्णयहरुका प्राविधिक पक्षहरु समेत विचार गरी मान्य नमुनामा लेखन कार्य सम्पन्न गर्नुपर्छ । कार्य टोलीमा निम्न अनुसारका सदस्यहरु हुन्छन।

| | |
|---|---|
| उपप्रमुख/उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| कार्यपालिकाले तोकेका दुइ जना शाखा कार्यलय प्रमुख | सदस्य |
| आबश्यकता अनुसारका बिषयबिज्ञहरु | सदस्य |

आबधिक विकास योजना तर्जुमाको लागि तालिका १८ अनुसारको समय निर्धारण गर्न उपयुक्त हुन्छ ।

तालिका १८: आवधिक योजना निर्माण गर्ने समय

| आवधिक योजना तर्जुमा गतिविधि | संलग्नता | समयाबधि |
|---|---|---|
| १. आवधिक विकास योजना तर्जुमा तयारी बैठक | कार्यपालिका प्रमुख र प्रमुख कार्यकारी/प्रशासकीय अधिकृत | |
| २. स्थितिपत्र तयारीका लागि तथ्यांक र सूचना संकलन | विषय क्षेत्रगत समितिका सदस्य, शाखा प्रमुख र स्थानीय साझेदार | ४० दिन |
| ३. स्थितिपत्रको लेखन | शाखा प्रमुख र विज्ञ | २० दिन |
| ४. विषय क्षेत्रगत समिति निर्माण | कार्यपालिका | |
| ५. योजना तर्जुमा कार्यशाला आयोजना | उल्लेखित सहभागी | ५ दिन |
| ६. एकिकृत आवधिक योजना तर्जुमा | सम्बन्धित सदस्यहरु | ५ दिन |
| ७. योजनाको दस्ताबेज लेखन | शाखा प्रमुख र बिज्ञ | १५ दिन |
| ८. स्वीकृति र प्रकाशन | कार्यपालिका | |

आवधिक विकास योजना तयार भइसकेपछि स्थानीय सरकारले विधायिकी प्रकृया पूरा गरी गाउं/नगर सभाबाट स्वीकृत गराउनुपर्छ । स्वीकृत आवधिक विकास योजना दस्तावेज सर्वसाधारणको जानकारीका लागि छपाईगरी प्रकाशन गर्नुपर्छ ।

## ६. स्थानीय तहमा बार्षिक योजना तर्जुमा

### ६.१ स्थानीय तहको वार्षिक योजना तर्जुमा

प्रत्येक स्थानीयतहले आवधिक विकास योजनालाई क्रमिक कार्यान्वयन गर्न सहभागितामूलक पद्धतिमा वार्षिक योजना तर्जुमा गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरुप वार्षिक योजना तर्जुमा नेपाल सरकार, प्रदेश नीति तथा योजना आयोग र विषयगत संघीय तथा प्रदेश मन्त्रालयहरुबाट उपलब्ध दिग्दर्शनहरुको आधारमा गर्नुपर्दछ ।

### ६.२ सूचना तथा तथ्याङ्क (स्थितिपत्र, स्रोत नक्साङ्कन तथा व्यवस्थापन)

स्थानीयतहले आफ्नो क्षेत्रको विकासका लागि श्रोत साधनको उपलब्धता तथा सम्भाव्यता सम्बन्धी खण्डीकृत तथ्याङ्क संकलन गरी सूचना सहितको स्थितिपत्र तयार पारी अद्यावधिक गर्दै जानुपर्दछ । संकलित सूचना र अद्यावधिक तथ्याङ्कै आधारमा योजना तर्जुमा गर्नुपर्दछ.।

### ६.३ स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरु

- नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली
- नेपालको संविधानको अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्र
- स्थानीय सरकार संचालन ऐन, २०७४
- बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकता
- आवधिक योजना, रणनीतिक योजना, विषय क्षेत्रगत गुरूयोजना
- राजस्व परामर्श समितिको प्रतिवेदन
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान
- आय र व्ययको विवरण
- क्षेत्रगत बजेट विनियोजन र खर्चको सीमा निर्धारण
- दिगो विकास लक्ष्य, परिमाणत्मक लक्ष्य र सूचकहरु
- समृद्ध प्रदेश र सुखी प्रदेशबासीको लक्ष्य कार्यान्वयन गर्न

### ६.४ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा चरण

बार्षिक योजना (बजेट तथा कार्यक्रम) तर्जुमा देहायको चरण र समय सिमा भित्र सम्पन्न गर्नुपर्छ ।

- आगामी आर्थिक वर्षको बजेट सीमा गाउँपालिका नगरपालिकाकाविषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउने चैत्र १५ भित्र
- वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती
- श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण
- बस्ती/टोल स्तरबाट योजना छनौट
- वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण
- एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा
- कार्यपालिकाबाट स्वीकृती असार १० गते भित्र
- सभामा पेश असार १५ गते
- सभाले बजेट तथा कार्यक्रम स्विकृत असार मसान्त भित्र

#### ६.४.१ चरण १(वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती

संघीय सरकार तथा प्रदेश सरकारबाट आगामी आ.व.मा स्थानीय सरकारलाई प्राप्त हुने वित्तीय हस्तान्तरणको आधारभूत खाका जेठ १५ मा प्रस्तुत हुने सङ्घीय बजेट तथा कार्यक्रम पश्चात एकिन भइ मार्गदर्शन प्राप्त हुन्छ । प्राकृतिक श्रोत तथा वित्त आयोगबाट स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरण सम्बन्धी सिफारिसहरु पनि स्रोत अनुमान गर्न सहयोगी हुन्छन ।असार १ मा प्रस्तुत हुने

प्रादेशिक बजेटसँगै प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण भई आउने रकम पनि एकिन हुन्छ। संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणसँगै थप शर्त र मार्गदर्शनहरु प्राप्त हुन्छन।

### ६.४.२ चरण २ (स्रोत अनुमान र बजेट सीमा तथा प्राथमिकता निर्धारण

यस चरणमा गाउँपालिका/नगरपालिकाको आगामी आ.व.को लागि उपलब्ध हुने आय तथा श्रोत (राजस्व, वित्तिय हस्तान्तरण, अनुदान) को अनुमान गरी बजेट सिमा र आयोजना प्राथमिकता निर्धारणका आधार तथा योजना तर्जुमाको मागदर्शन तयारीका लागि देहायका कार्य गर्नु उपयुक्त हुन्छ।

- आन्तरिक आय (कर, शुल्क, दस्तुर र राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम) को अनुमान
- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (वित्तिय समानीकरण ससर्त, विशेष र समपुरक अनुदान) को अनुमान
- कुल श्रोतको अनुमान तथा बजेट सीमा निर्धारण
- आयोजना प्राथमिकता निर्धारणका आधार र मार्गदर्शन तयारी

स्रोत साधनको अनुमान, राजश्व सम्बन्धी परामर्श, र दिगो बिकास लक्ष्य कार्यान्वयनमा प्राथमिकता दिनुपर्ने क्षेत्रहरुका लागि उपाध्यक्ष, उपप्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजश्व परामर्श समितिबाट आगामी आर्थिक वर्षको लागि स्रोत साधनको परिचालन सम्भावना र करका दरहरुबारे परामर्श प्राप्त हुन्छ ।त्यसको आधारमा गाउँपालिका तथा नगरपालिकामा अध्यक्ष वा प्रमुखको संयोजकत्वमा रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा प्रक्षेपण तयार गर्दछ।

स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको देहायका विवरण प्रत्येक वर्षको पुष मसान्त भित्र संघीय तथा प्रान्तिय अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्छ।

- व्ययको अनुमान
- आफ्नो स्रोतबाट संकलन हुन सक्ने अनुमानराजस्व
- राजस्व बाँडफाँडबाट प्राप्त हुन सक्ने अनुमानित रकम
- अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आफ्नो कार्य प्रत्येक वर्षको फागुन महिनाभित्र गरिसक्नु पर्छ। समितिले बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नुपर्दछ। यस्तो अनुमान गरिंदा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश र गाउँपालिका तथा नगरपालिकाबाट सङ्कलित राजश्व जम्मा गर्न प्रदेश स्तरमारहेको कोषबाट प्राप्त हुने स्रोतको समेत अनुमान गर्नुपर्दछ।

### ६.४.३ चरण ३ (वडा स्तरको योजना तर्जुमा

गाउँपालिका तथा नगरपालिका अन्तर्गतका वडा अन्तर्गत रहेका वस्ती/टोल भेलाहरु मार्फत वस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने वस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा

समुदायको आवश्यकता पहिचान गरी दिगो बिकास लक्ष्य हांसिल गर्ने आयोजना/कार्यक्रम छनौट गर्नु पर्छ ।

वस्ती/टोलस्तरको भेलामा बालबालिका, महिला, आदिवासी, जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्नेछ । भेलामा नागरिक समाजका संस्थाहरु, महिला/आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ/संस्थाहरुको सक्रिय सहभागिताको वातावरण मिलाउनु पर्छ ।

बस्ती तथा टोल स्तरमा कार्याक्रम बारे छलफल गर्दा दिगो बिकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने निम्नअनुसारका कार्यक्रमबारे छलफल गनुपर्दछ ।

**१.दिगो विकास लक्ष्य १: सबै प्रकारका गरिबीलाई सबै ठाउँवाट अन्त्य गर्ने ।**

- रोजगारीको सृजना गर्ने ।
- गरिब र सिमान्तकृत समुदायको आय बृद्धि गर्ने ।
- स्थानिय विकासमा जनसहभागिता बृद्धि गर्ने ।
- आर्थिक असमानतालाई न्युनगर्न मद्धत गर्ने कार्यक्रम ।

**२.दिगो विकास लक्ष्य २: भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण प्राप्ति गर्ने र दिगो कृषिको प्रबर्द्धन गर्ने ।**

- ५ वर्ष मुनिका बच्चा तथा गर्भवति महिलाहरुमा कुपोषण हटाउन मद्दत गर्ने ।
- पोषणयुक्त खाद्य बस्तूको उत्पादन, पर्बद्धन र वितरण गर्न मद्दत गर्ने ।
- कृषिलाई आधुनिकिकरणगरी  जमिनको उत्पादकत्व बृद्धि गर्न सहयोग गर्ने ।

**३.दिगो विकास लक्ष्य ३: स्वास्थ्य जीवन सुनिश्चित गर्ने र सबै उमेर समुहका सबै मानिसको कल्याण प्रवर्द्धन गर्ने ।**

- मातृ मृत्यु, शिसु मृत्यु र ५ बर्ष मुनिका वाल मृत्युदर घटाउन सहयोग गर्ने ।
- सरुवा रोग नियन्त्रण र व्यावस्थापन गर्न सहयोग गर्ने ।
- महिला र युवायुबतीको प्रजनन स्वास्थ्य व्याबस्थित र समृद्ध वनाउन मद्दत गर्ने ।

**४.दिगो विकास लक्ष्य ४: सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइकाअवसरहरुलाई प्रवर्द्धन गर्ने ।**

- आधारभुत तहमा खुद भर्ना दर १०० प्रतिसत पुयाउन सहयोग गर्ने ।
- कक्षा १ मा भर्ना भई कक्षा १२ पुग्ने वालवालिकाको अनुपात बढाउन सहयोग गर्ने ।
- शिक्षाको गुणस्तर  बृद्धि गरी  विद्यार्थीको सिकाइ दर वढाउन मद्दत गर्ने ।
- साधारण शिक्षालाइ प्राबिधिक शिक्षामा रुपान्तरण गर्ने कार्यक्रम ।

**५.दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हॅासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने ।**

- चेलिवेटी वेचबिखन, वसारपसार र महिला तथा किशोरीबिरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न मद्दत गर्ने ।
- राजनीतिक, आर्थिक तथा सार्वजानिक जीवनका सबै निर्णय तहमा नेतृत्वका लागि महिलाहरुको प्रभावकारी सहभागिता तथा अवसर सुनिश्चित गर्न सहयोग गर्ने ।
- लैंङ्गिक समानता र महिला तथा किशोरीहरुको सशक्तिकरण प्रवर्द्धन गर्न मद्दत गर्ने ।

**६. दिगो विकास लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइमा पहुॅच सुनिश्चित गर्ने ।**

- सबै नागरिकलाई सुरक्षित तथा खर्चले धान्न सक्ने मुल्यमा सुरक्षित पिउने पानीको पंहुॅच सुनिश्चित गर्न मद्दत गर्ने ।
- खुल्ला दिशामुक्त क्षेत्र घोषणगरी त्यसको दिगोपना कायम गर्न मद्दत गर्ने ।
- खानेपानीको पंहुॅच वृद्धि गर्न र सरसफाईको व्यावस्थापन गर्न स्थानीय समुदायको सहभागिता वृद्धि गर्न मद्दत गर्ने ।

**७. दिगो विकास लक्ष्य ७: सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चितगर्ने ।**

- खर्चले धान्न सक्ने, भरपर्दो र आधुनिक ऊर्जामा सर्बसाधारणको पंहुॅच बृद्धि गर्न मद्दत गर्ने ।
- स्थानीय स्तरमा खपतहुने कुल उर्जामा नवीकरणीय उर्जाको अंस वढाउन मद्दत गर्ने ।
- प्रभावकारी उर्जा उपकरणको प्रयोग मार्फत उर्जाको खपत घटाउन मद्दत गर्ने ।

**८. दिगो विकास लक्ष्य ८: सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने ।**

- स्थानीय स्तरमा सर्वसाधारण नागरीकको प्रतिव्यक्ति आय  बृद्धि गर्न मद्दत गर्ने ।
- औद्योगिकीकरणलाई वढावादिई स्थानीय स्तरमा दिगो रोजगारीको सृजना गर्न मद्दत गर्ने ।
- उद्यमसिलता बिकास गर्न सर्बसुलध कर्जाको पहुँच बृद्धि गर्न मद्दत गर्ने ।

**९. दिगो विकास लक्ष्य ९: बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई  दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने ।**

- स्थानीय स्तरमा आर्थिक विकास र मानव कल्याणलाई सघाउ पुऱ्याउने दिगो तथा वलिया पूर्वाधार निर्माण  गर्न मद्दत गर्ने ।
- कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको अंस बृद्धिगर्न मद्दत गर्ने ।
- सञ्चारको पहुँच बृद्धिगरी स्थानीय उत्पादनलाई राष्ट्रिय मुल्य श्रृखलामा आबद्ध गर्न मद्दत गर्ने ।
- बलिया, टिकाउ र भुकम्प प्रतिरोधी पुर्बाधार निर्माण गर्न मद्दत गर्ने ।

**१०.दिगो विकास लक्ष्य १०: देशभित्रै र देशहरूमाझ रहेको असमानतालाई न्यून गर्ने ।**

- गरिव र धनी विच उपभोग र आम्दानीको फरक न्युनिकरण गर्न मद्दत गर्ने ।
- स्थानीय स्तरमा राजनीतिक तथा साामाजिक समावेशिता प्रबर्धन गर्न मद्दत गर्ने ।
- स्थानीय स्तरमा भए गरेका विभेदपुर्ण सामाजिक, आर्थिक र राजनीतिक प्रचलन र अभ्यास न्युनिकरण गर्न मद्दत गर्ने ।

**११. दिगो विकास लक्ष्य ११: सहरहरुलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने ।**

- सुकुम्वासी, सिमान्तकृत तथा लोपउन्मुख जाती, हलिया, मुक्त कमैया आदिका बस्तिलाई आधारभुत सुविधा सहितका बस्तिमा रुपान्तरण गर्न मद्दत गर्ने ।
- भुकम्प र बाढीपहिरो पिडित वस्ती र भुकम्पमा भत्केका ऐतिहांसिक एवं सांस्कृतिक सम्पदाको पुनरनिर्माण गर्न मद्दत गर्ने ।
- सुरक्षित र दिगो सडक तथा बस्ती बिकास एवं अन्य पुर्वाधार  निर्माण गर्न सहयोग गर्ने ।

**१२.दिगो विकास लक्ष्य १२: दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने ।**

- प्राकृतिक स्रोतहरुको दिगो व्यावस्थापन र प्रभावकारी प्रयोग गर्न मद्दत गर्ने ।
- कृषि जमिनको उर्वरा शक्ति (उत्पदकत्व) वढाउन मद्दत गर्ने ।
- वस्तिमा उत्पन्न हुने फोहोरको उचित व्यावस्थापन गरि वातावरणको संरक्षण र आर्थिक लाभ हाँसिल गर्न मद्दत गर्ने ।

**१३. दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने ।**

- जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको जोखिम सामना गर्न र अनुकूलन क्षमता वृद्धि गर्न मद्दत गर्ने ।
- जलवायु परिवर्तन सम्वन्धी उपायहरुलाई स्थानीय आयोजनाहरुमा समावेस गर्ने ।
- स्थानीय स्तरमा जलवायु परिवर्तन न्युनिकरण, अनुकूलन तथा पूर्व चेतावनी दिने संस्थागत क्षमता वृद्धि गर्ने ।

**१४. दिगो विकास लक्ष्य १५: वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने ।**

- स्थानीय स्तरमा वन विनास तथा भुक्षयीकरण नियन्त्रण गर्न मद्दत गर्ने ।
- वन्यजन्तुको अवैध सिकार, चोरी निकासि र पैठारीमा नियन्त्रण गर्न मद्दत गर्ने ।
- नेपालको वन तथा पर्यावरणिय प्रदेशहरुमा जैविक विविधता वढाउन मद्दत गर्ने ।

**१५. दिगो विकास लक्ष्य १६: न्यायपुर्णा, शान्तिपूर्ण र समावेशि समाजहरुको प्रवर्द्धन गर्ने ।**

- स्थानीय स्तरमा शुसासनको प्रवर्द्धन गर्न र सवैकालागि न्यायमा समान पहुँच प्रवर्द्धन गर्न मद्दत गर्ने ।

- स्थानीय स्तरमा भ्रष्टचार न्युनिकरण गर्न मद्दत गर्ने ।
- जन्मदर्ता लगायतको कानुनी पहिचान सवैलाई दिन मद्दत गर्ने ।

**१६. दिगो विकास लक्ष्य १७: दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने ।**

- स्थानीय तहको कर तथा राजस्व परिचालन र संकलन क्षमता सुदृढिकरण गर्ने ।
- संघीय, प्रान्तिय र स्थानीय सरकार विच समन्वय र सहकार्य प्रवर्द्धन गर्ने ।
- स्थानीय रुपमा तर्जुमा भएका आयोजना कार्यन्वयन क्षमता वृद्धि गर्ने ।

वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची तयार गरी वडा समितिमा पेश गर्नु पर्नेछ ।

### ६.४.४ चरण ४(वडा समितिबाट आयोजना/कार्यक्रम प्राथमिकता निर्धारण

टोल/वस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरुलाई विषयक्षेत्र अनुसार समूहकृत गरिन्छ । बजेट सिमा, दिगो विकास लक्ष्य, मार्गदर्शन र प्राथमिकताका क्षेत्रलाई ध्यानमा राखी वडा समितिहरुले सहभागीतामूलक योजना तर्जुमा प्रणालि अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तर योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्नुपर्छ । प्राथमिकिकरण गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्ने कार्यक्रमलाइ बिषेस ध्यान दिनु पर्दछ । यसरी छनौट भएका योजनाहरुको प्राथमिकीकरणका साथ गाउँपालिका तथा नगरपालिकामा पठाउनुपर्छ ।

### ६.४.५ चरण ५ (एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा)

वडाहरुबाट प्राप्त योजनाहरुलाई बजेट सीमा, दिगो बिकास लक्ष्य, मार्गदर्शन तथा आयोजना प्राथमिकता निर्धारणका आधारमा एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिले आवश्यक परिमार्जन सहित कार्यपालिकामा पठाउनुपर्छ । यस प्रयोजनका लागि देहाय अनुसारको बजेट तथा कार्यक्रम तर्जुमा समिति बनाउनुपर्छ:

| | |
|---|---|
| क) उपाध्यक्ष/उपप्रमुख | संयोजक |
| ख) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरु | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) योजना महाशाखा, विभाग वा शाखा प्रमुख | सदस्य सचिव |

### ६.४.६ चरण ६ (कार्यपालिकाबाट स्वीकृति)

कार्यपालिकाबाट स्वीकृत बजेट प्रमुख वा अध्यक्षले आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमानका रुपमा सभामा पेश गर्नुपर्छ ।वार्षिक कार्यक्रम तथा बजेटसँग सम्बन्धित देहाय अनुसारको प्रस्तावहरु कार्यपालिकाको बैठकबाट स्वीकृती गर्नुपर्दछ ।

- स्थानीय सरकारको नीति तथा कार्यक्रम
- आर्थिक विधेयक (आगामी वर्षको लागि प्रस्तावित राजस्व र करका दरहरु)
- विनियोजन विधेयक (सञ्चित कोषबाट रकम झिक्ने र कार्यक्रमगत तथा शिर्षकगत खर्च सम्बन्धी)

- बजेट वक्तव्य (गत आ.व.को यथार्थ, चालु आ.व.को संसोधित अनुमान र आगामी आ.व.को अनुमानित आय व्ययको विवरण सहित)
- वार्षिक विकास कार्यक्रम (क्षेत्रगत रुपमा विस्तृत कार्यक्रमको सूचि तथा सोमा प्रस्तावित रकम)

### ६.४.७ चरण ७ (सभाबाट स्वीकृति)

कार्यपालिकाबाट स्वीकृत प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धी सवै प्रस्तावहरु अन्तिम स्वीकृतिका लागि गाउं तथा नगरसभामा देहाय बमोजिम पेश गर्नुपर्छ ।

- अध्यक्ष/प्रमुखले अध्यक्षता गर्ने सभामा उपाध्यक्ष/उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले असार १५ गते भित्र बजेट प्रस्तुत गर्नु पर्नेछ ।
- पेश भएका दस्तावेजहरु उपर कार्यतालिका बनाई १५ दिनभित्र छलफल सम्पन्न गर्नुपर्छ ।
- सभाको बहुमतले प्रत्येक दस्तावेजलाई पारित गर्ने वा सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउन सक्छ ।सुझाव सहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नु पर्ने नदेखिएमा कारणसहित सभामा ५ दिनभित्र पुनः पेश गर्नुपर्छ ।
- सभाले असार मसान्त भित्र बजेट दस्तावेजहरु स्वीकृत गरी सक्नुपर्छ ।

स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि कार्यपालिकाको कार्यालयमा पठाउनु पर्छ ।

## अनुसूची १

### आबधिक बिकास योजनाको खाका

१. परिचय
२. उधेस्य
३. आबधिक योजना तर्जुमाबिधि
४. योजना तर्जुमाको पुर्बतयारी
४.१.१ योजना तर्जुमा पद्धतिको छनौट
४.१.२ बिषयक्षेत्रगत योजना तर्जुमा समिति निर्माण
४.१.३ बिषयक्षेत्रगत योजना तर्जुमा समितिका काम, कर्तब्य र अधिकार प्रष्ट गर्ने
४.१.४ योजना तर्जुमा कार्याशाला आयोजना गर्ने
५. स्थानीयतहका समस्याहरुको पहिचान गर्ने
६. स्थानीयतहको लागि परिचालन तथा उपयोग गर्नसकिने सम्भाब्य श्रोतको पहिचान गर्ने
७. समस्या समधान गर्ने बिकल्पको खोजी तथा लेखाजोखन गर्ने
८. आबधिक बिकास योजनाका दिर्घकालिन सोच, लक्ष्य, उधेस्य र कार्यक्रम निर्धारण गर्ने
८.१ योजना तर्जुमा गर्ने निर्देशक सिद्धान्तको निर्माण गर्ने
८.२ नतिजा श्रखला निर्धारण गर्ने
८.३ दिर्घकालिन सोच निर्धारण गर्ने
८.४ योजनाका लक्ष्य निर्धारण गर्ने
८.५ योजनाका उधेस्य निर्धारण गर्ने
८.६ योजनाका बिषयक्षेत्रगत उधेस्य र आपसि परिपुरकता एकिन गर्ने
८.७ योजनाका रणनीति निर्धारण गर्ने
८.८ योजनाका कार्यक्रम निर्धारण गर्ने
८.८.१ योजनाका कार्यक्रमहरुको सम्भाब्यता अध्ययन गर्ने
८.८.२ आयोजनाहरुको प्राथमिकिकरण गर्ने
८.८.३ आयोजनाहरुको सूची तयार गर्ने
८.८.४ एकिकृत आबधिक योजनातर्जुमा समितिले क्षेत्रगत योजनाहरु एकिकृत गर्ने
८.८.५ बिषयगत खाकाको तयारी गर्ने
८.८.६ आबस्यक स्रोतको बिस्लेषण र मध्यकालिन खर्च संरचना तय गर्ने
९. आयोजनाहरुको लागि बार्षिक तथा आबधिक लगानी प्रक्षेपण गर्ने
९.१ आन्तरिक तथा बाह्य स्रोतको बिस्लेषण गर्ने
९.२ आबस्यक जनशक्तीको बिस्लेषण गर्ने
९.३ नपुग स्रोत ब्याबस्थापन गर्ने
१०. योजना कार्यान्वयन योजना तर्जुमा गर्ने
१०.१ योजना कार्यान्वयन बिधि निर्धारण गर्ने
१०.२ योजना कार्यान्वयन तालिका तयार गर्ने
१०.२.१ योजना कार्यान्वयन तालिका बनाउने
१०.३ योजना अनुगमन तथा मूल्याङ्कन योजना बनाउने
१०.३.१ अनुगमन प्रणालिको छनौट गर्ने
१०.३.२ अनुगमनका तह निर्धारण गर्ने
१०.३.३ नतिजाखाको निर्माण गर्ने
१०.३.४ अनुगमन प्रगती प्रतिबेदन प्रणाली निर्धारण गर्ने
१०.४ मूल्याङ्कन योजना बनाउने
११ योजना दस्ताबेज लेखन, स्वीकृति, प्रकाशन र कार्यान्वयन

अनुसूची २

आयोजनाको प्राथमिकता निर्धारण

क्षेत्र: आर्थिक बिकास क्षेत्र

| क्र संख्य | आयोजना को नाम | १.आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुयाउने आयोजनहरु (१५ अंङ्क) | २.जनता को आम्दानी र रोजगार बढाउने आयोजन हरु (१५ अंङ्क) | ३.उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सक्ने आयोजनाहरु (१५ अंङ्क) | ४. लागत सहभागिता जुटने आयोजना हरु (१० अंङ्क) | ५.दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउनेआयोजना हरु(१० अंङ्क) | ६.समाबेसी बिकासमा योगदान पुयाउने आयोजना हरु (१०अंङ्क) | ७.स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने आयोजना हरु (१० अंङ्क) | ८.भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिम सघाउ पुऱ्याउने आयोजन ाहरु (५ अंङ्क) | ९.शुसासन बृद्धिगर्न सघाउ पुयाउने आयोजनाहरु (५ अंङ्क) . | १०.अन्तर प्रदेश तथा अन्तर नगरपालिका तथा गाउंपालिका समृद्धिका आयोजनाहरु (५ अंङ्क) | कुलप्राप्त अंङ्क भार | प्राथमिकता क्रम | आयोजनाले दिगो बिकास लक्ष्यमध्य कुन लक्ष्य प्राप्त गर्न मद्दत गर्दछ सो खुलाउने । |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |

नोट: यो आयोजना प्राथमिकता निर्धारण फारम सबै क्षेत्रको लागि जस्तै आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पुर्वाधार क्षेत्र, वाताबरण तथा बिपद ब्याबस्थापन क्षेत्र, संस्थागत बिकास तथा सेवा प्रवाह क्षेत्र, बित्तिय ब्याबस्थापन र शुसासन क्षेत्रको लागि छुटटा छुटटै भर्नुपर्दछ । ८० वा सो भन्दा बढी अंक ल्याउने आयोजनालाइ प्राथमिकतामा राख्नुपर्छ ।